# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti



सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीबाट
श्रद्धेय धम्मवती गुरुमांलाई मानार्थ विद्यावारिधि उपाधी प्रदान गर्नुहुँदै

वर्षः ४२, अङ्कः ९

बु.सं. २५६८, योमरी पुन्हिः

# बधाई ज्ञापन !



## श्रद्धेय डा. धम्मवती गुरुमां

श्रद्धेय धम्मवती गुरुमांले बुद्ध शिक्षा र धर्म विकास तथा बिस्तारमा विश्व समुदाय साम्ु पुऱ्याउनुभएको अतुलनिय योगदानको पहिचान गर्दै उच्च कदरस्वरूप लुम्बिनी बौद्ध विश्वविद्यालयले मानार्थ विद्यावारिधि उपाधि प्रदान गरी नेपालको शैक्षिक इतिहासमा प्रथमपटक नयाँ पन्ना थपिदिएको घटनाले श्रद्धेय धम्मवती गुरुमांका शिष्या समूहले धर्म गौरबको महशूस गरी श्रद्धेय गुरुमांप्रति मैत्रीपूर्ण बधाई ज्ञापन गरेका छौं ।

श्रद्धेय डा. धम्मवती गुरुमांबाट बुद्ध शासन चिरस्थायी कार्यमा निरन्तर योगदान पुऱ्याउन सकुन्। उहाँको शिष्या समूहले उहाँबाट निरन्तर अमूल्य निर्देशन र मार्गदर्शन प्राप्त गर्न सकौं। गुरुमांको सुस्वास्थ्य र आरोग्यको कामनाका साथ भवतु सब्ब मंगलं ।

**शिष्या समूह**

**धर्मकीर्ति विहार परिवार**

श्रीघः नःघः, काठमाडौं

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरु*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६८

नेपाल सम्बत् ११४५

इस्वी सम्बत् २०२४

बिक्रम सम्बत् २०८१

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |



DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**15th DECEMBER 2024**

| वर्ष- ४२ | अङ्क- ९ | योमरि पुन्हि | पुस २०८१ |
|---|---|---|---|





चिरप्पवासिं पुरिसं दूरतो सोत्थिमागतं
ञातिमित्ता सुहज्जा च-अभिनन्दन्ति आगतं (२१९)

तथे व कतपुञ्ञम्पि-अस्मा लोका परं गतं
पुञ्ञानि पतिगण्हन्ति-पियं ञाती'व आगतं (२२०)

**ताकाल परदेशय् वितय् यानाः थःगु छ्यैं लिहाँवःम्ह व्यक्तियात थःथिति, मित्र व बन्धुपिसं अभिनन्दन याई । अथेहे पुण्य यानातःपिं व्यक्तिपिन्त थुगु लोकं परलोक वनीगु समये थम्हं यानातःगु पुण्य फलं थःत स्वागत यानाः अभिनन्दन याई ।**

**धेरै दिनसम्म (वर्षसम्म) परदेश बिताएर सकुशल घर फर्केका व्यक्तिलाई आफ्ना आफन्त, दाजुभाई, इष्टमित्र र हितैषीहरूले स्वागत गर्छन् । त्यसरी नै यस लोकबाट परलोक जाने व्यक्तिलाई उसले गरेको पुण्य कार्यले स्वागत गर्दछ ।**

**Kinsmen, friends and lovers salute a man who has been long away and returns safe from after.**

**In like manner, his good works receive him who has done good and has gone from this world to the other - as kinsmen receive a friend on his return.**

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| ३) | सम्पादकीय- पूजा गर्न योग्य व्यक्तिलाई पूजा गर्नु मंगल कार्य | – | ३ |
| ४) | दीपावलीको सही अर्थ | – सत्यनारायण गोयन्का | ५ |
| ६) | किसि वर्ग | – सत्यमोहन जोशी | ९ |
| ७) | धर्म चैत्य | – प्रदिप शाक्य 'घोषक' | १० |
| ९) | बौद्ध-ऋषि महाप्रज्ञा-४ | – रत्नसुन्दर शाक्य | १३ |
| १२) | धर्मकीर्ति समाचार | – | १५ |


## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र. सं. | मिति २०८१ | बुद्धपूजा गर्नुहुने श्रद्धेय गुरुमांहरू | धर्मदेशना गर्नुहुने श्रद्धेय गुरुमांहरू |
|---|---|---|---|
| १ | कार्तिक २४ गते, शनिवार अष्टमी | वीर्यवती | वीर्यवती |
| २ | कार्तिक ३० गते, शुक्रबार सकिमना पुन्हि | खेमावती | धम्मवती |
| ३ | मंसिर १ गते, शनिबार संक्रान्ति | पञ्ञावती | पञ्ञावती |
| ४ | मंसिर ८ गते, शनिबार, अष्टमी | मेत्तावती | मेत्तावती |
| ५ | मैसिर १६ गते, आइतबार, औंशी | खेमावती | सयादो उ ञाणिस्सर |


लुम्बिनी


बोधगया


सारनाथ


कुशीनगर

## ▪ सम्पादकीय ▪

# पूजा गर्न योग्य व्यक्तिलाई पूजा गर्नु मंगल कार्य

भगवान् बुद्धले मंगल सूत्रमा ३८ वटा मंगल कार्यहरूको विषयमा उल्लेख गर्नुभएको छ । मंगल भन्नु नै भाग्य उदय हुने असल कार्य हो । कुशल कार्यको कुशल फल प्राप्त हुनेछ भने अकुशल कार्यको अकुशल फल नै प्राप्त हुने प्रकृतीको स्वभाव धर्म हो । ३८ वटा मंगल कार्यहरू मध्ये पूजा गर्न योग्य गुण भएका व्यक्तिलाई कदर स्वरुप जीवित अवस्थामा पूजा गर्नु पनि एक प्रकारको मंगल कार्यमा गनिन्छ भनी मंगल सूत्रमा उल्लेख गरिएको छ ।

यही शिक्षालाई मनन गरी लुम्बिनी बौद्ध विश्वविद्यालयले नेपालको शैक्षिक इतिहासमा नयाँ पन्ना थप्ने गरी वि.सं. २०८१ साल मंसिर १४ गते श्रद्धेय धम्मवती गुरुमांलाई मानार्थ विद्यावारिधि उपाधि प्रदान गरी पूजा गरेको छ । श्रद्धेय धम्मवती गुरुमांले बुद्ध शासनिक क्षेत्रमा पुऱ्याउनु भएको अतुलनीय योगदानलाई कदर गरी विश्वविद्यालयका कुलपति सम्माननिय प्रधानमन्त्री श्री के.पि. शर्मा ओलिले प्रदान गर्नुभएको उक्त उपाधिलाई नेपालको शैक्षिक इतिहासमा पहिलोपटक थेरवादी बुद्ध शासन क्षेत्रमा यस उपाधि प्रदान भएको घटनाको रूपमा लिइएको छ ।

लुम्बिनी बौद्ध विश्वविद्यालयको २० औं वार्षिकोत्सव तथा तेस्रो दिक्षान्त समारोहको उपलक्ष्यमा लुम्बिनीमा सञ्चालित यस कार्यक्रममा विभिन्न संकाय अन्तरगत उपाधि प्राप्त २८९ जना विद्यार्थीहरू दिक्षित भएका छन् ।

लुम्बिनी विश्वविद्यालयका कुलपति सम्माननिय प्रधान मन्त्रीबाट श्रद्धेय धम्मवती गुरुमांलाई प्रदान गरिएको यस सम्मानलाई श्रद्धेय गुरुमांले स्वीकार गर्नुभएको कारणले लुम्बिनी विश्वविद्यालयको गरिमा बढेको विश्वविद्यालय परिवारले महशूस गरिएको छ ।

१४ वर्षको कलिलो उमेरमा बुद्ध शिक्षा अध्ययन गर्ने तिब्र ईच्छा बोकेकी गणेश कुमारी शाक्य (धम्मवती गुरुमां) बर्माका सयादो उ धम्माउधको संरक्षकत्वमा वि.सं. २००६ सालमा गृहत्याग गरी पैदल यात्रा गरी बर्मा पुग्नु भएको थियो । बुद्ध शिक्षा अध्ययनको लागि राणाकालिन शासनको कठोर नियमको परवाह नगरी, आफ्ना पिताको आज्ञा बिना बर्मा पुग्नु भएकी उहाँको संघर्षपूर्ण जीवनलाई बर्माका श्रद्धेय सयादो "र वे थ्वं" ले तमी छेत् (स्नेही छोरी) को नाम दिई बर्मी भाषामा उपन्यास नै लेखी प्रकाशन गर्नुभयो । यही पुस्तकलाई श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरले नेपाल भाषामा अनुवाद गरी "योम्ह म्ह्याय्" को रूपमा उपन्यास प्रकाशन गरियो । फेरि उक्त उपन्यासलाई मोतिकाजी शाक्यले नेपाली भाषामा अनुवाद गरी "स्नेही छोरी" नामाकरण गरी उपन्यास प्रकाशन गरियो । यस उपन्यासलाई गीता मानन्धरले अंग्रेजी भाषामा अनुवाद गरी "Beloved Daughter" को नामले उपन्यास प्रकाशन गरियो भने अंग्रेजी भाषामा प्रकाशित उक्त उपन्यासलाई थाइलैण्ड निवासी एक व्यक्तिले अध्ययन गरी श्रद्धेय धम्मवती गुरुमांको अदम्य साहस र संघर्षमय जीवन देखि प्रभावित भई यसलाई थाई भाषामा अनुवाद गर्न लगाई "बुतरी फू पेन हाङ दुवङ्गहरू" नामाकरण गरी उपन्यास प्रकाशन गरियो । यसरी श्रद्धेय धम्मवती गुरुमांको जीवनीमा आधारित पुस्तक ५ वटा विभिन्न भाषाहरूमा प्रकाशन भइसकेका छन् ।

१४ वर्षको उमेरमा बर्मा पुग्नुभई १४ वर्षसम्म नै संघर्षपूर्ण जीवन बिताई बुद्ध शिक्षा अध्ययन कार्यमा जुट्नु भएकी धम्मवती गुरुमांले वि.सं. २०१९ भाद्र २ गते "शासनधज धम्माचरिय" (बुद्ध शासनको झण्डा फहराउन सक्षम व्यक्ति) को रूपमा उपाधि हासिल

गरी पढाई सम्पन्न गर्नुभयो । यस उपाधि प्रदान गर्ने सिलसिलामा बर्मा सरकारले उहाँलाई सम्मानपूर्वक रंगुन शहरको गभायी सिरिमंगल भूमिस्थल, छट्ठ संगायन महापाषाण गुफामा उक्त उपाधि प्रदान गरिएको थियो । पढाई समापन गरी उहाँ गुरुमा वि.सं. २०२० आश्विन ३ गते स्वदेश फर्कनु भयो ।

स्वदेश फर्कनु भएपछि उहाँले अझ बढी संघर्षपूर्ण जीवन बिताउनु परेको थियो । बस्ने बासको अभावको कारणले पहिला उहाँ आफ्नो घर ललितपुरमा पनि रहनुभयो भने पछि अन्य उपासकहरूको घरमा पनि रहनुभयो । यस्तो अवस्थामा पनि उहाँ धर्म प्रचार कार्यमा जुटिरहनु भयो । वि.सं. २०२२ सालमा श्रीघः नःघः स्थित धर्मकीर्ति विहार स्थापना गरी स्थायी रूपमा धर्मप्रचार कार्यको योजनावद्ध कार्यक्रमहरूको थालनी गर्नुभयो । नेपाली समाजमा पढ्न, लेख्न वञ्चित महिलाहरूलाई प्रौढ कक्षा सञ्चालन गरी, बुद्ध पूजा र धर्मदेशना कार्यक्रमको थालनी गरी कयौं परिवारका महिला दिदीबहिनीहरूलाई बुद्ध शिक्षा सिकाउँदै अगाडि बढ्नुभयो । यसरी उहाँको धर्मप्रचार शैली लोकप्रिय हुँदै उपासकोपासिका शिष्यहरूको संख्यामा वृद्धि हुँदै गए । उहाँको यस सराहनिय कार्यलाई टेवादिने दाताहरूको संख्या वृद्धि हुँदै गए । पछि श्रद्धेय धम्मवती गुरुमांले प्रौढ व्यक्तिहरूलाई मात्र होइन युवा वर्गलाई पनि बुद्ध शिक्षा सिकाउँदा अझ प्रभावकारी हुने देखी धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी वि.सं. २०२५ सालमा स्थापना गरी यस गोष्ठीको माध्यमबाट धेरै युवा वर्गहरूलाई बुद्ध शिक्षा सिकाउनु भयो ।

काठमाडौंमा मात्र होइन काठमाडौं बाहिर पनि विभिन्न गाउँहरूको भ्रमण गरी युवा टोलीले बुद्ध शिक्षा प्रचार कार्यलाई अगाडि बढाउँदै गए । तीर्थयात्राको माध्यमबाट पनि बुद्ध शिक्षा प्रचार कार्यलाई अगाडि बढाइयो । धार्मिक क्षेत्रमा मात्र होइन, स्वास्थ्य क्षेत्र, साहित्यिक क्षेत्र र समाज सुधार क्षेत्रमा पनि बुद्ध शिक्षा प्रयोग गरी धर्मप्रचार कार्यलाई अगाडि बढाइयो । यसरी बुद्ध शिक्षा प्रचारकार्यमा अद्वितीय योगदान पुऱ्याउनु भएको कार्यलाई कदर गरी म्यानमार सरकारले वि.सं. २०५१ पौष २० गते श्रद्धेय धम्मवती गुरुमांलाई अग्ग महा गन्थवाचक पण्डित उपाधिले विभूषित गरियो । यसरी नै ने.सं. १११९ मा नेपालभाषा परिषदद्वारा उहाँलाई भाषाथुवा र वि.सं. २०५२ मा स्वयम्भू ज्ञानमाला भजन खलः द्वारा ज्ञानमाला रत्नवत् सिरपाः प्रदान गरी सम्मान गरियो । यसरी सम्मान प्रदान गर्ने कार्यलाई जारी राख्दै गइयो, विभिन्न संघ संस्थाहरूबाट ।

धर्मकीर्ति विहारका साथै अन्य विहारहरू पनि निर्माण गर्दै जाने क्रममा श्रद्धेय धम्मवती गुरुमांले लुम्बिनी स्थित गौतमी भिक्षुणी विहार वि.सं. २०५१ सालमा स्थापना गर्नुभयो । यस विहारले काठमाडौं लगायत अन्य जिल्लाहरूबाट लुम्बिनी भ्रमणको लागि आउने यात्रीहरूलाई बास बस्न सुविधा प्रदान गर्दै सेवा दिइरहेको देखिन्छ । यसरी बहुजन हिताय बहुजन सुखायको उद्देश्य लिई आफ्नो जीवन समर्पण गर्दै आउनुभएकी धम्मवती गुरुमांको नेतृत्वमा देवदहमा पनि यशोधरा विहार निर्माण भइसकेको छ । विभिन्न स्थानहरूमा विहार निर्माण गरी धर्मप्रचारको लागि आधार क्षेत्र बनाउनु भएको यस कार्य सराहनिय रहेको छ ।

धर्मप्रचार क्षेत्रमा सम्पूर्ण जीवन अर्पण गर्नुभएकी श्रद्धेय धम्मवती गुरुमांले ९१ वर्ष पार गरिसक्नुभएपनि उहाँको हौसला अझ पनि जारी नै देखिन्छ । बहुमुखी प्रतिभाकी धनी उहाँ गुरुमांको उल्लेखनिय योगदानलाई कदर गरी मानार्थ विद्यावारिधि पद प्रदान गरी लुम्बिनी विश्वविद्यालयले गरेको यस सम्मानलाई मंगल पूजाको रूपमा लिई धर्मकीर्ति पत्रिका परिवार लगायत सिंगो धर्मकीर्ति विहार परिवारले साधुवाद व्यक्त गरेको छ ।

भवतु सब्ब मंगलम् ।

# दीपावलीको सही अर्थ



✍ **सत्यनारायण गोयन्का**

धर्म जाग्यो भने अन्धकार हट्छ, प्रकाश फैलिन्छ । तर जब हामी धर्म नै बुझ्दैनौं तब अँध्यारो के हो प्रकाश के हो बुझ्दैनौं । तब प्रतीकको रूपमा औंसीको कालो अँध्यारो रातलाई हटाउन दियो बालेर अन्धकार हटाउने प्रयास गर्दछौं । राम्रो हो, प्रतीक सही हो, तर प्रतीक त प्रतीक नै हुन्छ । वास्तवमा धर्म के हो यसलाई बुझ्ने प्रयास गर्नुपर्छ । यदि धर्म साँच्चैको धर्म हो भने त्यो सार्वजनीन हुन्छ, सार्वदेशिक हुन्छ, सार्वकालिक हुन्छ । तर मनुष्य जातिको छुट्टा-छुट्टै समूह हुन थाल्यो, छुट्टै-छुट्टै धर्म हुन थाल्यो भने त्यो सार्वजनीन भएन भन्ने हो भने त्यो धर्म नै भएन । यदि सर्वकालिक भएन – यो समयमा यो धर्म त्यो समयमा त्यो धर्म, फेरि अर्को समयमा अर्को धर्म भयो भने त्यो त सार्वकालिक नै भएन । यस देशमा रहनेको यो धर्म र त्यो देशमा रहनेको अर्को धर्म भयो भने सार्वदेशिक नै भएन । तब राम्ररी बुझ्नु पर्छ कि त्यो धर्म होईन, धर्मको नाउँमा धोखा भयो ।

धर्म प्रकृतिको नियमलाई भनिन्छ, निसर्गको नियमलाई भनिन्छ, विश्वको कानूनलाई भनिन्छ । जुन सँधै सबैमा एकनासले लागू हुन्छ । यत्तिको बुझ्न सक्यो भने मानौं धर्मलाई राम्ररी बुझ्न सक्यो । प्रकृतिको नियम अनुसार सूर्य उदायो भने उज्यालो हुन्छ, वातावरण तातो हुन थाल्छ, न्यानो हुन थाल्छ । यही नै सुर्यको धर्म हो जुन एकसाथ सँधै उही हुन्छ । त्यस्तै आगोको स्वभाव बल्नु हो । जो उसको नजीक जान्छ त्यसलाई पनि बाल्छ, डढाउँछ । यो उसको धर्म हो, स्वभाव हो । यस्तो भएन भने आगो आगो भएन, केही अन्य हुनु पर्‍यो । त्यस्तै बरफको धर्म हो शीतल हुनु । त्यसको नजीक गयो भने त्यसले शीतलता दिन्छ, चीसो बनाउँछ । यही त्यसको धर्म हो । यी स्वभाव लाखौं करोडौं वर्ष पहिला पनि त्यही थियो र भविष्यमा पनि यही हुनेछ – यही धर्म हो । ठीक यस्तै प्रकारले हामीलाई होश हुनु पर्छ कि यदि मनमा विकार उत्पन्न भयो भने हामी आफ्नो समता हराउँछौं, आफ्नो सन्तुलन हराउँछौं, आफ्नो शान्ति - सुख हराउँछौं । विकारको यो स्वभाव हो, यही त्यसको धर्म हो । जुन सबैमा उत्तिकै लागू हुन्छ । मन विकारहरूबाट मुक्त भयो, निर्मल भयो भने स्वतः मनमा मैत्री उत्पन्न हुन्छ करुणा उत्पन्न हुन्छ, सद्भावना उत्पन्न हुन्छ । अलिकति पनि द्वेष हुँदैन, दौर्मनस्य हुँदैन, दुर्भावना हुँदैन । मैत्री हुन्छ, करुणा हुन्छ, सद्भावना हुन्छ । यी सद्गुणको यही स्वभाव हुन् । जब निर्मल चित्तमा यी सद्गुण उत्पन्न हुन्छन् जुन यिनका स्वभाव हुन् तब भित्र शान्ति महसूस हुन्छ, सुख महसूस हुन्छ । यो निर्मल चित्तको स्वभाव भयो । त्यस्तै मैलो चित्तको स्वभावले हामीलाई दुःखी बनाउँछ, ब्याकुल बनाउँछ, अशान्त बनाउँछ, असन्तुलित बनाउँछ, त्यस्तै निर्मल चित्तको स्वभावले हामीलाई शान्ति प्रदान गर्छ, सुख प्रदान गर्छ, चैन प्रदान गर्छ ।

हजारौं, लाखौं, करोडौं वर्ष पहिला पनि जो ब्यक्तिले विकार उत्पन्न गर्थ्यो त्यति नै ब्याकुल हुन्थे जति आज हुन्छ र भविष्यमा पनि त्यत्तिकै हुनेछ । त्यसैले सार्वकालिक हो । जो ब्यक्तिले आफू भित्र विकार बनाउँछ उसले आफूलाई जे सुकै नाम राखून त्यसबाट केही फरक हुने भएन । जो सुकै आमाको पेटबाट जन्मेको होस् केही फरक पर्दैन । यस्तो लुगा लगाउने होस् अथवा त्यस्तो लुगा लगाउने होस्, केही फरक पर्दैन । यस प्रकारको कर्मकाण्ड मान्ने होस् अथवा त्यस प्रकारको कर्मकाण्ड मान्ने होस् केही फरक पर्दैन । बिकार बनाएपछि दण्ड त अवश्य पाउँछ, त्यो पनि तुरुन्त पाउँछ । विकार अहिले बनाएको छ दण्ड मरेपछि प्राप्त हुनेछ ठान्ला, दण्ड अहिलेको अहिले नै पाउँछ, तुरुन्त ब्याकुल हुन्छ; मरे पछि पनि पाउने नै छ । यही निसर्गको नियम हो, प्रकृतिको नियम हो, विश्वको कानून हो; जुन सबैमा बराबर लागू हुन्छ ।

आगो आफू पनि बल्छ र अरूलाई पनि डढाउँछ । कसैले आगोलाई छुन्छ भने अवश्य पोल्छ । आगोले यो कुरा जाँच्दैन कि मलाई छुने मान्छेको नाम के हो ? कुन

वर्ण तथा जाति वा गोत्रको हो, कुन चाहिँ आमाको पेटबाट जन्मेको हो, कुन दार्शनिक मान्यता मान्ने, कस्तो लुगा लगाउने ? केही पनि हेर्दैन । आगो छुएको छ भने अवश्य उसलाई पोल्छ । यही आगोको स्वभाव हो । यदि हामीलाई आगोले पालेको मन पर्दैन भने बिर्सेर पनि आगो नछुनु, आफू टाढा रहनु । त्यस्तै ब्याकुल हुन मन छैन भने आफूलाई ब्याकुल हुनबाट बचाउनु । त्यसैले यो धर्म समान छ, सार्वभौमिक छ । जुनसुकै देशमा रहने भए पनि यदि विकार बनाउँछौ भने तुरुन्त ब्याकुल हुन्छौ । संसारको कुनै शक्ति लगाएर पनि उसलाई बचाउन सक्दैन, दण्ड अवश्य पाउनेछ । यदि दण्ड मन पर्दैन भने विकार बनाउनुबाट टाढा हुनु ।

जुन दिन मानव समाजले धर्म स्वभावलाई भन्दछ भन्ने ज्ञान पाउँछ, हाम्रो चित्तको जस्तो स्वभाव त्यस्तै अनुसारको दण्ड वा पुरस्कार पाउँछ भन्ने प्रकृतिको नियम विश्वको विधानलाई बुझ्दछ तब सम्झनु कि धर्मको उदय भयो । बोलीबाट दुष्कर्म गर्नु अथवा शरीरले दुष्कर्म गर्नु पहिला मनमा नै पलाउनु पर्छ । कसैले मैले जति विकार बनाए पनि, जति सुकै दुष्कर्म गरे पनि मेरो मुक्ति अवश्य हुनेछ, म यस भव चक्रबाट अवश्य मुक्त हुनेछु, मलाई कसैले कृपा गरेर यसबाट पार लगाईदिन्छ भन्ने सोचेको छ भने बुझ्नु कि त्यो ब्यक्ति अविद्याको अन्धकारमा छ । मानिसहरू यता-उता भत्किरहन्छन्, बुझ्न नै चाहँदैन । समय-समयमा यस्तै लहर चलिरहन्छ,पटक-पटक अधर्मको अन्धकार फैलिरहन्छ । मानिसहरू बहकिन्छ र धर्म के हो बुझ्दैनन् । यहाँ धर्म शब्द र सम्प्रदाय शब्द पर्यायवाची भएको कारण ठूलो दुर्भाग्य भएको छ; तब मानिसहरू कसरी बुझ्छन् कि धर्म के हो भन्ने कुरा ? संसारमा जति पनि धार्मिक परम्परा छन्, चाहे कुनै पनि परम्परालाई नियालेर हेर्नु सबैमा धर्मको कुरा देख्न पाईन्छ । सबैले एउटै कुरा भन्छ कि सदाचारको जीवन यापन गर्नु । संसारको कुनै पनि धर्म परम्पराले जीवनमा सदाचार चाहिन्न भनेर भन्दैन । यदि कुनै परम्पराले सदाचार चाहिन्न भन्यो भने त्यो धर्म होईन भनेर बुझ्नु । प्रत्येक परम्पराले त्यही भन्छ कि सदाचारको जीवन यापन गर्नु दुराचार देखि टाढा रहनु ।

दुराचार के हो त ? जब हामी आफ्नो बोलीद्वारा र शरीरद्वारा अन्य कोही प्राणीलाई हानी हुने काम गर्छौं, उनको अहित हुने काम गर्छौं, उनको अमंगल हुने काम गर्छौं, उनको सुख-शान्ति भंग हुने काम गर्छौं तब दुष्कर्म भयो । दुष्कर्म तब हुन्छ जब मनमा विकार बन्छ । यो नियम सबैमा बराबर लागु हुन्छ त्यसैले यो धर्म भयो । त्यस्तै सदाचारको जीवन बाँच्नको लागि मनलाई बशमा राख्नु पर्छ । यहाँ विभिन्न परम्पराका मानिसहरू शिविरमा बस्न आउँछन् । कुराकानी हुन्छ, चर्चा हुन्छ आ-आफ्नो ग्रन्थका विषयमा कुराकानी हुन्छ – प्राय जहाँ पनि मनलाई संयमित गर्नु, वशमा राख्नु भन्ने हुन्छ । मन नै संयमित छैन भने सत्कर्म कसरी गर्न सकिन्छ ? दुष्कर्म नै दुष्कर्म गरिन्छ । सारा परम्परालाई यो कुरा त सही लाग्छ । मनलाई संयमित गरिन्छ, वशमा राखिन्छ तै पनि मनको भित्री तहमा विकारका संग्रह थुप्रेको छ, विकारका श्रृंखला छन् र विकारको सम्बर्धन हुँदै रहन्छ । मनको माथिल्लो तहमा विकारलाई आफ्नो वशमा राख्न सक्छ यो राम्रो हो । हुँदै नहुनु भन्दा त धेरै राम्रो हो । तर भित्र नै भित्र विकार बनाउने जुन स्वभाव, विकारहरू सम्बर्धन गर्ने जुन ज्वालामुखी छ त्यो जब फुट्छ तब जस्ताको तस्तै हुन्छ । त्यसैले मनको भित्री भागसम्म सम्पूर्ण रूपमा निर्मल गर्नुपर्छ । यसको विरोध कसले गर्न सक्छ र ? यस कुरालाई कुनै परम्पराका मानिसले पनि विरोध गर्न सक्दैन । यो जुन धर्म छ त्यो अभिन्न छ । सबैका लागि समान छ । माथिल्लो तहमा भनौं खोल फरक-फरक हुन सक्छ तर भित्रको धर्मको मूल जरा एकै समान हुन्छ । कुनै परम्पराको एक खालको कर्मकाण्ड हुन्छ अर्को परम्पराको भिन्नै कर्मकाण्ड, फेरि अर्को परम्पराको भिन्नै कर्मकाण्ड यी फरक-फरक हुने भए, यी खोल हुन्, बाहिरी आवरण हुन् । दार्शनिक मान्यता फरक-फरक हुन्छन् । व्रत-उपवास, चाडपर्व भिन्न भिन्न हुन्छन् । यी जुन फरक छन् त्यसको नाम नै सम्प्रदाय हो भने जुन फरक हुँदैन एक समान छन् त्यसको नाम धर्म हो ।

धर्म सबैको समान हुन्छ, सबैमा समान लागू हुन्छ । सबै समय लागू हुन्छ – त्यसैले त्यो धर्म भयो । तर यी भिन्न-भिन्न हुनेलाई धर्म मान्न थाल्यो र त्यसैको प्रति गहिरो माया गरेर यही मेरो धर्म हो यही सही हो, म यी जुन कर्मकाण्ड गरिरहेछु त्यसैले मुक्तिसम्म पुऱ्याउँछ, तिम्रो कर्मकाण्ड कस्तो खालको ? त्यसले के फाईदा गर्छ, मुक्तिसम्म कसरी लान्छ ? आदि ... अब यस्ता दार्शनिक मान्यताहरूलाई नै धर्म मानिन थाल्यो जसको धर्मसित केही सम्बन्ध नै छैन । साँच्चै भनु भने यी नै धर्मका दुश्मन हुन् र यसैलाई धर्म मानिएको कारणले धर्म डुबेको छ । अब कोही समझदार व्यक्ति हो भने धर्मको असली मूल

जरा समातेर अघि बढ्छ, कसैलाई केही भन्दैनन् । जुन तिम्रो कर्मकाण्ड, व्रत-उपवास, पर्व-उत्सव तिमी मनाउँदै गर्नु । कसैको निन्दा-चर्चा-परि-चर्चा, झगडा गर्दैन । त्यसलाई धर्म मान्दैन । सदाचार हो भने धर्म हो, चित्त संयमित छ, निर्मल छ भने धर्म हो । यो छुट्यो भने धर्म खस्किन्छ, धर्मको नाममा अधर्म फैलिन्छ । मेरो देवताले तिमीलाई स्वर्ग पुऱ्याउँछ । मेरो ईश्वर, तेरो ईश्वर ... भनेर एक आपसमा झगडा गर्न थाल्छन् । लड्ने किन ? यदि ईश्वर छ भने सबैको हुनु पऱ्यो । कृपया धर्मलाई बुझ्नु । धेरै दिन देखि अन्धकार छायो । कसैको निन्दा गरेको होईन, झगडा गरेको होईन; जसलाई जस्तो मान्नु छ त्यस्तै मानिरहनु । तर धर्मलाई सही ढंग, सही रूपले बुझ्नु र त्यसलाई धारण गर्नु ।

धर्म आफू भित्र पलाउने हो, आफू भित्र धर्मको अनुभव हुने हो, आफू भित्र धर्म अनुभव गर्ने शक्ति उत्पन्न हुन्छ । कसैलाई सम्यक सम्बोधि प्राप्त भयो भने भन्दछ कि चक्खुं उदपादि चक्षु प्राप्त भयो । यहाँ कुरो बुझ्नु पर्छ कि आँखा बन्द गरेको छ कसरी आँखाले देख्यो भन्ने तर्क आउँछ । धर्मको आफ्नै भाषा छ । चक्षु भनेको के हो ? हेर्ने शक्ति उत्पन्न भएको छ । हेर्नुको दुईवटा अर्थ छन् । एउटा अर्थ अनुसार यो सांसारिक अर्थ – हाड छालाको आँखा यसले रङ्ग, रूप, प्रकाश देखिने भयो, यो बाहिरी अर्थ भयो । तर अध्यात्म- धर्मको क्षेत्रमा देख्नु भन्नाले अनुभव गर्नु भन्ने हुन्छ । आँखाले देख्नु, आँखाले हेर्नु होईन कि अनुभव गरेर थाहा पाउनु भन्ने अर्थ हुन्छ ।

धेरै पुरानो भाषा हो त्यसैले समय अनुसार बिर्सिदै गयो र बाहिरी अर्थ मात्र चलन चल्तीमा बाँकी रह्यो, तर कहिले काहीं कतै-कतै भने प्रयोग भएको पाईन्छ । जस्तो कि टाढाबाट कुनै आवाज सुनियो भने भनिन्छ "अरे कस्तो आवाज आको हेर्नु" यहाँ हेर्नुको अर्थ के हुन्छ ? त्यस्तै मीठो गीत सुनेको छ भने "कस्तो सुरीलो सुनेर त हेर" अब यहाँ आवाज सुनेर के हेरिन्छ; न रङ्ग हुन्छ न आकृति नै । सुनेर अनुभव गर्नु कि कति मधुरो छ । त्यस्तै यो मखमलको कपडा कति नरम छ छोएर हेर । छोएर रङ्ग थाहा हुँदैन, छोएर न आकृति थाहा हुन्छन न रूप थाहा हुन्छ । छोयो भने अनुभव हुन्छ कि साँच्चिकै नरम रहेछ । यो मिठाई साँच्चै स्वादिष्ट छ "खाएर हेर्नु" चाखेर रङ्ग थाहा हुन्न, रूप थाहा हुन्न, आकृति थाहा हुन्न । त्यसैले पुरानो भाषामा पनि देख्नुको अर्थ अनुभव गर्नु भन्ने हुन्छ । कानले जुन शब्द सुन्यो त्यसको अनुभव गर्नु, आँखाले जुन रूप देख्यो त्यो अनुभव गर्नु, जिब्रोले जुन स्वाद चाख्यो त्यो अनुभव गर्नु, नाकले जुन गन्ध सुँघ्यो अनुभव गर्नु, शरीरले केही स्पर्श गऱ्यो अनुभव गर्नु, मनमा कुनै विचार आयो अनुभव गर्नु । अनुभव गर्नुलाई नै हेर्नु भनेर भनिन्छ । अनुभव गरेर थाहा पाउनुलाई नै चक्खुं उदपादि भनिन्छ । अनुभव गर्ने क्षमता बढ्छ । यस शरीरमा अनुभव हुन्छ । हाम्रा इन्द्रियसँग कुनै विषय स्पर्श भयो भने अनुभव हुन्छ, इन्द्रियसँग स्पर्श भएन भने अनुभव हुँदैन । त अनुभव गर्ने क्षमता बढ्छ ।

पञ्ञा उदपादि - प्रज्ञा बढ्छ । यहाँ पनि शब्दको अर्थ बिर्सियो । पुरानो भाषा अनुसार प्रज्ञाको अर्थ प्रत्यक्ष ज्ञान हो । त्यही नै विशेष ज्ञान हो, प्रत्यक्ष ज्ञान हो, आफ्नो ज्ञान हो । आफ्नो अनुभवले थाहा पाएको ज्ञान नै आफ्नो ज्ञान हो अन्यथा अरूको ज्ञान भयो । अब कसैले यस्तो-यस्तो गर्दै जानु तिमी मुक्त हुनेछौ । त्यस्तो-त्यस्तो गरेकोले नै ऊ मुक्त भएको होला भन्छ आफू त भएको होईन नि । जुन दिन आफूले पनि त्यस्तै गर्न थाल्नेछ, विकार हट्दै गएको थाहा हुनेछ, दुःख घटेको थाहा हुनेछ, बन्धन कम भएको थाहा हुनेछ तब आफ्नो ज्ञान भयो । अरूको ज्ञानले हामी प्रेरणा पाउन सकुँला, हामीलाई मार्गदर्शन पाउने छ तर आफूलाई मुक्त गर्दैन । अरूको ज्ञान होईन, आफ्नो ज्ञान बनाउनु पर्छ । यसैलाई प्रज्ञा भनिन्छ । यस प्रत्यक्ष ज्ञानमा पाक्नुपर्छ । स्थिर हुनुपर्छ । तब कानमा शब्द आउने बित्तिकै थाहा हुन्छ, अनुभव हुन्छ कि तरङ्ग आयो । तरङ्ग र तरङ्ग जुडिरहन्छ र नयाँ अनुभव हुन्छ यो विनाश भईरहेछ, अनित्य छ ! अनित्य छ ! त्यसलाई बुद्धिद्वारा होईन, अनुभव द्वारा थाहापाउनु पर्छ, अन्जानमा अनित्य हो भनेर मान्ने होईन । जब नाकमा गन्धले स्पर्श गर्छ तब थाहा पाउने अनित्य हो; शरीरमा स्पर्श भए पनि अनित्य भनेर थाहा पाउने, मनमा चिन्तन चल्न थाल्यो भने पनि अनित्य । तरङ्ग नै तरङ्ग महसूस हुन थाल्छ । हामी आफ्नो होश नहराई थाहा पाईरहन सक्यौं भने प्रज्ञामा स्थित भयो ।

आफूले पनि पहिला धेरै पाठ गरियो कि इन्द्रियाणी इन्द्रियार्थभ्यः तस्य प्रज्ञा प्रतिष्ठिता । इन्द्रियहरूका आ-आफ्ना काम छन्, इन्द्रियहरू केवल इन्द्रियको कामका लागि हुन्, त्यसलाई जान्नु नै प्रज्ञामा प्रतिष्ठित हुनु हो । तर कसरी जान्ने, कसरी थाहा पाउने ? सबैलाई थाहा छ कि इन्द्रियहरूले इन्द्रियको काम गर्दछ । आँखाले हेर्ने काम गर्छ यसमा के नौलो भयो र ? नाकले सुँघ्ने काम गर्छ,

जिब्रोले स्वाद लिने काम गर्छ, शरीरले स्पर्श गर्ने काम गर्छ, मनले चिन्तना गर्ने काम गर्छ । तर यसबाट प्रज्ञामा कसरी स्थित हुन्छ ? हाम्रो मनका चारवटा खण्ड छन् – पहिलो खण्डको काम थाहापाउनु हो । हाम्रा इन्द्रियहरू कुनै विषयमा ठक्कर खाने बित्तिकै झट्का लाग्छ – यसबाट हामीलाई संकेत गर्छ कि केही भयो । मनको दोस्रो खण्डले थाहा पाउँछ कि के भएको हो, यस्तो भएको हो – त्यस्तो भएको हो । अब मनको तेस्रो खण्डले भोग्ने काम गर्दछ । दुःख छ कि आनन्द आएको छ । चौथो खण्डले प्रतिक्रिया गर्ने काम गर्छ र गाँठो बाँधिन थाल्छ । यहाँ इन्द्रियाणी इन्द्रियार्थेभ्य इन्द्रियले केवल इन्द्रियको काम होस् भन्नुको अर्थ कानमा शब्द आयो भने बस यति मात्रै, यहीं काम तमाम हुनुपर्छ । पहिलो खण्डसम्म मात्र काम हुनुपऱ्यो । पछिका तीन खण्डको काम हुनु भएन । यति गर्न सक्ने हुनु पऱ्यो । आँखाले कुनै रूप देख्यो भने काम सक्यो, यसभन्दा अगाडिका खण्डको काम गर्न दिनु भएन । बस, यस अवस्थासम्म पुग्नको लागि कोशीश गर्नु पऱ्यो । ज्यादै मिहिनत गर्नु पर्ने हुन्छ । अब त कुनै विषय इन्द्रियसँग ठोक्ने बित्तिकै चौथो खण्ड पुगिहाल्छ र प्रतिक्रिया गरेर गाँठो बनाउने काम भईहाल्छ । एकपछि अर्को गाँठाहरू बनाईहाल्छन् ।

सत्यलाई अनुभव नगरिकन कसरी थाहा पाउन सक्छ ? जसको सचेतता बृद्धी भएको छ, सम्बोधि बढेको छ उसले भन्न सक्छ कि विज्जा उदपादि । विद्या उत्पन्न, भएको छ जुन अविद्या थियो त्यसैलाई सही मान्दै आएका थियौं अब ती जुन अनित्य, नश्वर, भंगुर स्वभावलाई नित्य, शाश्वत मान्नुको सट्टा अनुभवद्वारा अनित्य हो भन्ने निश्चित भयो । त्यसैबाट निस्किनु नै विद्या हो । सारा इन्द्रिय क्षेत्र अनित्य हो । शरीर र चित्तको सारा क्षेत्र अनित्य हो । यही विद्या हो ।

अन्तमा भनिन्छ आलोको उदपादि – आलोक भन्नाले प्रकाश ज्योती । हामी दियो बालेर प्रकाश पाउँछौं जसबाट बाहिरको अँध्यारो – अन्धकार हट्छ । तर हामीलाई त भित्रको अन्धकार हटाउनुछ । भित्रको अन्धकार हट्यो भने सत्य देखिन थाल्छ । हामी भित्रै भित्र कसरी गाँठो बाँध्दै छौं, आफूलाई ब्याकुल बनाउँदै छौं । हामीलाई यति पनि थाहा छैन कि आफ्नो हानी गरिरहेका छौं । यसबाट अरूको हानी त अवश्य हुने नै भयो, पहिला आफ्नो हानी गरिन्छ । जब-जब वाणी र शरीरले दुष्कर्म गरिन्छ, मन मैलो हुन्छ । कसैको हत्या गर्न पहिला मनमा द्वेष जाग्नु पऱ्यो, दुर्भावना, क्रोध जाग्नु पऱ्यो । चोरी गर्दा पहिला मनमा लोभ-लालच हुन्छ तब चोरी गरिन्छ । ब्यभिचार गर्दा पहिला मनमा वासना जाग्छ तब ब्यभिचार गरिन्छ । त्यस्तै झूठो बोल्नु कसैलाई ठग्नको लागि, रिसले कसैलाई केही बोलूँ यसको लागि मनमा कुनै न कुनै विकार उत्पन्न गर्नुपर्ने हुन्छ । प्रकृतिको नियम त्यस्तै कि मेरो मनमा विकार उत्पन्न हुने बित्तिकै दण्ड पाईहाल्छ । समय लाग्दैन । दुबै एकसाथ हुन्छ त्यसैले 'सहजात' भनिन्छ । विकार बनाउँदा साथमा दुःख पनि जाग्छ, ब्याकुल हुन्छ । शान्ति समाप्त हुन्छ । यो धर्मलाई बुझेन भने अँध्यारोमा नै रहेको भयो, आफ्नो हानी गरिरहेको भयो ।

जुन दिन होश आउँछ आलोक जाग्छ, प्रकाश आयो अन्धकार हट्यो । प्रकाश के हो ? अन्धकार के हो ? बुद्धि विलासको कुरा होईन, कोही पण्डितले भनेकोले मान्नु पर्ने होईन । शास्त्रमा उल्लेख भएकोले मान्नुपर्ने होईन, आफ्ना पारम्परिक मान्यताको कारणले होईन आफ्नो अनुभवले थाहापाएको त्यसैले मानेको हो । जसरी आगोमा छुँदा पोल्छ, त्यसरी नै मनमा विकार बनाउने बित्तिकै दण्ड पाउँछ, दुःखी हुन्छ । यो कुरालाई बुझ्न थाल्यो भने प्रकाश जाग्यो । अँध्यारोमा किन रहने ? भित्र प्रकाश बाल्नु, भित्र दियो बाल्नु ।

जुन दिन धर्म उत्पन्न हुन्छ त्यस दिन हरेक व्यक्तिले आफ्नो जिम्मेवारी बुझ्दछ र स्वावलम्वी बन्दछ । राम्रो बिऊ रोप्ने कि नराम्रो बिऊ रोप्ने त्यो आफ्नो जिम्मेदारीको कुरा हो । कति मिहिनत गरेर असल बिऊ रोप्ने प्रयासले स्वावलम्बी बनाउँछ । अरूले गरिदेला, दान-दक्षिणा दिएर कसैले मलाई मुक्ति दिलाउँला भनेर सोच्यो भने परालम्बी भयो । परालम्बी यति मात्रै कि कसैबाट मार्ग दर्शन पाउन सकिन्छ, कसरी अघि बढ्ने यति थाहापाउन सकिन्छ । तर एक-एक पाईला आफै हिँड्नुपर्ने हुन्छ । यसरी होशियारी पूर्वक बुझेर मनाए प्रकाशको पर्वले हाम्रो लागि साँच्चि नयाँ वर्ष लिएर आउनेछ, नयाँ जिन्दगी लिएर आउनेछ, नयाँ भविष्य लिएर आउनेछ र कल्याणकारी भविष्य लिएर आउनेछ ।

खूब बुझेर आफ्नो भित्रको अविद्याको अन्धकार हटाउनु । धर्मको सही स्वरुपलाई बुझ्नु र मुक्तिको मार्गमा कदम-कदम अघि बढ्दै जानु । आफ्नो मंगल गर्नु । आफ्नो कल्याण गर्नु । आफ्नो मुक्ति गर्नु ।

*साभार- 'विपश्यना'*

*बुद्ध वर्ष २५६८, २०८१ मंसिर, वर्ष ४१, अङ्क ८*

धम्मपद

# किसि वर्ग



*भावानुवाद :* **सत्यमोहन जोशी**

संग्रामे कय्किगू वाण सहयाई किसिं गुलि
सहयाय् जिं कटु वाक्यादि; संसारे दुष्टपिं अति ॥१॥
तालिम्ह किसि गै राजां, संग्रामेनं यनी गया
श्रेष्ठ ज्वी व्यक्तिन सःम्ह आत्म दमन दै सुया ॥२॥
आजानीय हनं सिन्धी महानाग व खच्चर
तालिम् जूसा जुई श्रेष्ठ, सःसा झन् श्रेष्ठ झी अझ ॥३॥
सल किसि गया जूसां निर्वाणे थ्यंक्य फैमखु
शिक्षित संयमी जूम्ह निर्वाणे थ्यंक्य फै बरु ॥४॥
धनपालं मनः छुंहे बन्धने अन कूंबले
लुमंकालि स्वजातिपिं तल वं मन जङ्गले ॥५॥
नया यथ्थे द्यना यथ्ये अलसी ज्वीम्ह फा सरी
मन्द बुद्धि दया चोम्हं जन्मसं जन्म कावनी ॥६॥
न्हापा मन दुथाय् चित्तं चाहिला ज्वीनं धुंकल
थौं जिं वशे तये थ्वैत मागःनं किसिथें थन ॥७॥
अप्रमादे रते ज्वीगु, स्वचित्त शुद्ध याय्गु सो
नाःया गाले दुना च्वोंम्ह किसिथें थः थकाय्गु सो ॥८॥
सच्चरित्रह्म पासा या दःसा बिघ्न व वांछ्वया
हानं व व्यक्तिया साथे विचरण सहर्ष या ॥९॥
मदुसा मित्र थः योह्म याकचा चाहिलेगु ज्यू
मातङ्ग किसिथें, युद्धे बूह्म राजैह्म ज्वीगु ज्यू ॥१०॥
मूर्खह्म मित्र सोया जा याकता ज्वीगु ज्यू सधां
अनासक्तह्म मातङ्ग किसिथें जङ्गले च्वना ॥११॥
मौकाय् ज्या बीह्म पासा भिं, दुथ्ये फुथ्ये च्वनेगु भिं
पुण्य भिं सीबले, हानं दुःख फुका च्वनेगु भिं ॥१२॥
सेवा भिं मां व बौयागु, श्रमण भिक्षुयागु नं
श्रमणत्व व भिं लोके, ब्रह्मणत्व व भिं थन ॥१३॥
मसीतले सदाचारी ज्वीगु भिं, अझ भिं स्थिर-
श्रद्धा तय्गु, विना पाप प्रज्ञा प्राप्ती व भिं अझ ॥१४॥




पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।
आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥
यही नै बुद्धको उपदेश हो ।

**बिश्व मोटर ट्रेडर्स**
अनूर सुन्दर तुलाधर
सलिल सुन्दर तुलाधर
काठमाडौं, नेपाल ।
मोवाइल: ९८५१०५११३१, ९८५१०५११४७
e-mail: vishwamotor@gmail.com

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।



# धर्म चैत्य

✍ **प्रदिप शाक्य 'घोषक'** *(संकलक)*
*एम.ए.तेस्रो समूह, थे.बु.ए.*

चैत्य शब्द बुद्ध धर्मसँग सम्वन्धित छ। यसलाई अर्को शब्दमा स्तुपा पनि भनिन्छ। जसलाई सामान्य रूपले बौद्ध स्तुपा भनेर चिनिन्छ। यसलाई नेपाल भाषामा 'चिभा' भनिन्छ।

बौद्ध साहित्यमा चैत्यको निक्कै ठूलो महत्वपूर्ण स्थान रहेको पाइन्छ। जहाँ-जहाँ बौद्धहरूको बसोवास देखिन्छ, त्यहाँ त्यहाँ चैत्यहरूको निर्माण अथवा प्रतिस्थापन भएको पाईन्छ। नेपालमा यस प्रकारका चैत्यहरू धेरै संख्यामा छन्। यद्यपि ती मध्ये केही प्रसिद्ध चैत्यहरू निम्न हुन्-

क) स्वयम्भू महाचैत्य ख) बौद्धमा अवस्थित खास्ति बौद्ध चैत्य ग) पाटनमा अवस्थित महाबौद्ध चैत्य घ) काभ्रेको नमोबुद्धमा अवस्थित नमोबुद्ध चैत्य आदि।

यी चैत्यहरू नेपालका अति प्राचिन चैत्यको रूपमा लिईन्छ। यिनीहरूमध्ये केही चैत्यहरू आज विश्व सम्पदामा समेत सूचिकृत छन्। तर यहाँ यी चैत्यहरूको अतिरिक्त यस भन्दा पनि अलग किसिमको धर्म चैत्यको विशेष व्याख्या गर्ने प्रयाश गरिएको छ।

झट्ट सुन्दा, हेर्दा र अध्ययन गर्दा सारमा यी सबै चैत्यहरूको स्थापना धर्म चैत्यको रूपमा नै भएको हो भन्ने देखिन्छ। तथापि भगवान् बुद्धको देशना अनुसार यी चैत्यहरूको मूलभूत तादात्म्यतामा धेरै नै फरक पाईन्छ। किनकि उपरोक्त उल्लिखित विभिन्न स्थानमा स्थापित चैत्यहरूको निर्माणको लागि विभिन्न किसिमका भौतिक निर्माण सामाग्रीहरूको आवश्यकता पर्दछ। जस्तै- ढुंगा, माटो, सिमेण्ट, बालुवा, रोडा, गिट्टी, फलामे छड आदि। तर यहाँ वर्णन गर्न लागिएको धर्म चैत्यको लागि कुनै किसिमका भौतिक सामाग्रीहरूको आवश्यक पर्दैन। बरू प्रत्येक जनजनको अन्तर हृदयमा स्थापित हुनुपर्दछ। यसको लागि आर्थिक भारको पनि बहन गर्नु पर्दैन, मात्र आफ्नो अन्तर मनको सम्यक दृष्टियुक्त लगानीको आवश्यकता पर्दछ। यसले गर्दा जस्तोसुकै कठिन परिस्थितिमा पनि हरेक व्यक्तिले बिना कुनै झन्झट विघ्नबाधा रहित भएर चैत्य दर्शन गर्ने अवसर प्राप्त गर्दछ। कुनै कारणवश भौतिक चैत्यहरूको दर्शन गर्न नपाएको खण्डमा दुखित हुनुपर्ने अवस्थाको अन्त्य हुन्छ भनेर शास्ता तथागत गौतम बुद्धले धर्म चैत्यको बारेमा देशना गर्नुभएको कुरा बौद्ध साहित्यमा उल्लेख छ।

बौद्ध साहित्यमा उल्लेख भए अनुसार बनोटको प्रकृति अनुसार चार प्रकारका चैत्यहरू भएको पाईन्छ। जस अनुसार १) धातु चैत्य २) परिभोग चैत्य ३) उद्देश्य चैत्य ४) धर्म चैत्य।

१) धातु चैत्य- भगवान् बुद्धको शारीरिक अंगप्रत्यंगहरू एवं उहाँको परिनिर्वाणपछि उत्पन्न भएको विविध धातुहरूको प्रयोग गरी बनाईएको चैत्यहरूलाई धातु चैत्य भनिन्छ। भगवान् बुद्धको केश, दाँत, हाड आदि अस्थिधातुहरू राखी निर्माण गरिएका चैत्यहरू विश्वका विभिन्न ठाउँमा छन्। यसको ज्वलन्त उदाहरणको रूपमा म्यानमारमा अवस्थित स्वेदगों चैत्यलाई लिन सकिन्छ। जसमा केश धातु राखिएको कुरा उल्लेख छ।

२) परिभोग चैत्य- भगवान् बुद्धद्वारा आफ्नो जीवनकालमा प्रयोग गरिएका विभिन्न वस्तुहरू राखी बनाईएका चैत्यहरूलाई परिभोग चैत्य भनिएको छ। उहाँले जुन वस्तुहरू परिभोग गर्नुभएको थियो र सोही वस्तु चैत्यमा राखिएको क्रमशः त्यस्ता चैत्यलाई परिभोग चैत्यको रूपमा नामाकरण गरिएको पाइन्छ। उदाहरणको लागि उहाँले प्रयोग गर्नु भएको पात्र, चीवर आदि।

३) उद्देश्य चैत्य- भगवान् बुद्धमा अन्तरनिहित ३२ लक्षणले युक्त गुणलाई स्मरण गर्नका लागि उहाँको प्रतिमा स्थापित गरेर बनाईएको चैत्यलाई उद्देश्य चैत्य भनिन्छ।

त्यस्ता प्रतिमाहरू चाहे जुनसुकै सामाग्री जस्तै- काठ, माटो, धातु, सिंगमरमर आदि जे सुकैबाट निर्मित होस्, ती सबै नै उद्देश्य चैत्यको रूपमा लिईन्छ ।

४) धर्म चैत्य- उपरोक्त उल्लिखित तीन प्रकारका चैत्यहरूको निर्माण जग्गा जमिन तथा अन्य भौतिक सामाग्रीहरूको प्रयोग विना असम्भवप्रायः हुन्छ भने यो चौथो प्रकारको धर्म चैत्य निर्माणको लागि त्यस्ता कुनै पनि किसिमका भौतिक सामाग्रीहरूको आवश्यकता पर्दैन । यसको साथै कुनै किसिमको आर्थिक व्ययभार पनि खप्न नपर्ने हुन्छ । बरू यसको अलावा ३७ वटा बोधिपक्खिय गुण धर्मलाई आ-आफ्नो हृदयमा सदा स्मरण गरी स्थापना गरिने चैत्य हो । यसैलाई धर्म चैत्य भनिन्छ ।

भौतिक चैत्यहरूको दर्शन मात्र गर्नाले पनि कर्ममा शान्ति, मैत्री भावनाको उत्पन्न भई त्रिरत्नको गुण स्मरण गर्न अभिप्रेरित गरि रहेको हुन्छ भने प्रत्येक कर्मको आ-आफ्नो हृदयमा प्रतिस्थापित धर्मचैत्यप्रति शील, समाधि एवं प्रज्ञारूपी पुष्प अर्पण गरी पुजा गर्नुमा यस महत्वपूर्ण कुशल कर्म अर्को कुनै हुन सक्दैन भनेर भगवान् बुद्धले भन्नु भएको कुरा बौद्ध साहित्यमा उल्लेख छ । वास्तवमा धर्म चैत्यमा चतुआर्य सत्यको गजूर अथवा ध्वजा लगाईएको हुन्छ ।

यी बाह्य आँखाले देखिने भौतिक संरचनारूपी चैत्य कुनै न कुनै बेला अवश्य लोप वा विनाश भएर जाने निश्चित छ । जस्तै- प्राकृतिक प्रकोपहरूः बाढी, पहिरो, चट्याङ्ग, आगलागी तथा भूकम्प आदिको कारण विनाश अवश्यम्भावी छ । तर आफ्नो हृदयमा स्थापित स्वयं बुद्धद्वारा सर्वोत्तम, श्रेष्ठोत्तम भनिएको धर्म चैत्यलाई व्यक्ति जुनसुकै बेला जहाँसुकै ठाउँमा गए पनि कुनै किसिमको प्रकोपले नष्ट गर्न सक्दैन । बरू व्यक्ति इहलोक या परलोक जहाँ गए पनि संगसंगै लिएर गएको हुन्छ । तसर्थ हामी मानिसहरूले बुझेर, सोचेर अब निर्णय गर्ने बेला भएको छ । किनकि सत्पुरुषहरूले अर्हतफल प्राप्त गर्न सक्छ नै, तपाईं हामीले अर्हतफल प्राप्त गर्न नसके पनि यसै जुनिमा सकृदागामिफल प्राप्त गर्ने सुअवसर प्राप्त भएको छ । जसको लागि हामी प्रत्येकले शील, समाधि तथा प्रज्ञाले युक्त पुष्पार्पण गरी अन्तरहृदयमा स्थापित चैत्यको पूजा गरि सकृदागामि फल प्राप्त गर्न सकिने सुअवसरलाई खेर जान दिनु उचित हुँदैन । त्यसैले सम्पूर्ण दुःखबाट छुटकारा पाउनको लागि कुशल कर्म सम्पादन गरेर पुण्य आर्जन गर्ने मौकाको रूपमा धर्म चैत्यलाई प्रतिस्थापन गर्नु नितान्त आवश्यक देखिन्छ ।

आजसम्म बौद्ध इतिहासमा चैत्य स्थापनाको प्रारम्भ कहिले, कहाँ र कसरी भयो भनी सम्वन्धमा यहाँ भगवान् बुद्धको जीवनीसँग सम्वन्धित केही सान्दर्भिक घटनाहरू उल्लेख गर्नु पनि स्मरणीय नै देखिन्छ ।

सिद्धार्थ गौतमले सारा जगत प्राणीलाई दुःखबाट उन्मुक्त बनाउने ज्ञानको खोजीको लागि २९ वर्षको वयस्क उमेरमा राज्य सुखभोग ऐश्वर्य आदि सम्पूर्ण त्याग गरी महाभिनिष्क्रमण गर्नु भएको थियो । त्यत्तिवेला उहाँलाई साथ दिने सारथी छन्दक र कन्थक घोडा मात्र थियो । जब उहाँ एक नदी हेतु पुग्नुभयो, तब उहाँले छन्दक सारथीलाई सोध्नुभयो– "हामी कहाँ पुग्यौं ?" छन्दकले अनोमा नदीको तीरमा पुगेको बताए । त्यसैबेला सिद्धार्थ गौतमले अब प्रव्रजित हुने उपयुक्त समय भयो भनी खड्गद्वारा आफ्नो केश आफैंले मुण्डन गरी अधिष्ठान गर्नुभयो र केशलाई मास्तिर फालिदिनुको साथै भन्नुभयो कि यदि मैले बुद्धत्व प्राप्त गर्ने भए यो मेरो केश आकाश मार्गतिर नै उडेर जानेछ, हैन भने तललितर नै झनै झर्नेछ । नभन्दै उक्त फालिएको केश माथितिर नै उडेर गयो । सो केशलाई देवलोकका ईन्द्र आएर आदर गौरवपूर्वक सुनको थालीमा थापेर लिएर गई देवलोकमा सोही केश धातु राखी पहिलो चैत्य स्थापना गरे भन्ने कुरा बौद्ध साहित्यमा अट्ठकथाचार्यद्वारा उल्लेख गरिएको पाईन्छ । यही चैत्य नै पहिलो धातु चैत्य भएको र यसको नाम "चुडामणी चैत्य" भनिएको छ । यसरी चैत्य निर्मित भएको कारण नै देवलोकका सम्पूर्ण देवताहरूले श्रद्धापूर्वक आदर गौरव राखी पूजा गरी कुशल पुण्य कर्म गर्ने अवसर प्राप्त भएको कुरा उल्लेख छ ।

यस्तै अर्को सन्दर्भ भगवान् बुद्धले बोधगयामा बोधिज्ञान प्राप्त गरिसकेपछि बहुजन हिताय बहुजन सुखायको निम्ति धर्म प्रचार गर्न जंगली बाटो भएर अन्यत्र गइरहनु भएको थियो । त्यत्तिनै बेला त्यसबेलाका दुई ब्यापारी दाजुभाई भल्लुक र तपस्सु पनि आफ्नो ५०० गाडा सहित व्यापार गर्दै हिंडिरहेको थियो । जब

गौतम बुद्ध हिंड्दा हिंड्दा थाकेको कारण एक वृक्ष मुनि आराम गरिरहनु भएको थियो, सोही बेला ती २ जना व्यापारीलाई सोही बाटो भएर भगवान् बुद्ध पनि आइरहनु भएको र उहाँलाई सातु र मह दान गर्नु भनी आकाशवाणी भएको कुरा अट्ठकथा टीकाचार्यद्वारा उल्लेखित छ। उक्त आकाशवाणी सुनेर ती दुवै भाई आश्चर्यचकित भए। केही पर पुगेपछि उनीहरूले आकाशवाणीद्वारा प्राप्त सन्देश अनुसार नै बुद्ध भगवान्को दर्शन पाए। साथै उनीहरूले उहाँलाई आफ्नो साथमा ल्याएको खाद्य पदार्थ सातु र मह पनि दान गरे। दबैले "बुद्धं शरण, धम्मं शरणं गच्छामि" भनी उहाँ गौतम बुद्धलाई दण्डवत् गरे। त्यतिबेलासम्म संघको स्थापना नभएको कुरा मननीय छ। तिनै २ जना दाजुभाई नै संघका द्वैवाचिक उपासकहरू हुन् भनी बौद्ध साहित्यमा उल्लेख छ।

यस अतिरिक्त उनीहरूले बुद्धको कान्ति देखेर प्रभावित भई बुद्धको केही धातु चिनोको रूपमा प्राप्त गर्न सके आजीवन बुद्ध र धर्मको शरणमा गई बुद्धको गुण स्मरण गर्न पाईने कुरा सम्झेर बुद्धसँग केही वस्तु दिनको निम्ति प्रार्थना गरे। फलस्वरूप भगवान् बुद्ध महाकारूणीक हुनुभएकोले उहाँले पनि तत्कालै ती दुई दाजुभाईलाई आफ्नो शिरबाट धेरै रौं (केश) उखेलेर उनीहरूलाई दिनुभयो। उनीहरू पनि उत्पन्न खुशी भई त्यहाँबाट आफ्नो बाटो लागे।

भनिन्छ आज तिनै २ जना व्यापारी दाजुभाईको प्रार्थनाबाट प्राप्त उक्त बुद्धको केश धातु राखेर बनाईएको धातु चैत्य म्यानमारमा अवस्थित विश्वप्रशिद्ध स्वेदंगो चैत्य (Golden Temple) हो। आज उक्त देश ९५ प्रतिशत बौद्ध मार्गीहरू भएको कारण बौद्ध देशको रूपमा परिचित छ। जसको कारण आज विश्वका अधिकांश बौद्ध तीर्थयात्रीहरू लगायत अन्य तीर्थयात्रीहरू एकपटक उक्त चैत्यको दर्शन गर्न लालायित देखिन्छन्। हजारौं लाखौंको संख्यामा पर्यटक तीर्थयात्रीहरू दिनहुँ पुगिरहेका हुन्छन्। परिणाम स्वरूप म्यानमारले धार्मिक पर्यटन स्थलको विकासद्वारा आफूलाई आर्थिक रूपमा समृद्ध एवं सम्पन्न देश बनाउन सफल भएको छ। तर विडम्वना हाम्रो देश स्वयं बुद्धको जन्मस्थल भएर पनि विकासको गतिमा हामी धेरै पछाडि पर्नुपरेको छ।

यसरी क्रमशः धातु चैत्यहरूको स्थापना गर्ने शिलशिलामा बुद्धको महापरिनिर्वाण पछिको इतिहासलाई पनि कोट्याउनु सान्दर्भिक देखिन्छ। बुद्धको महापरिनिर्वाण पछि तत्कालै उहाँको अस्थिधातुहरू राखेर बनाईएका चैत्यहरू जम्मा १० वटा देखिन्छ। ती धातु चैत्यहरूमा दाहसंस्कार पश्चात् त्यहाँ उपस्थित ८ जना राजाद्धले लिएर गएको अस्थिधातु राखी बनाइएको ८ वटा चैत्य, द्रोण ब्राह्मण जसले अस्थिधातु बाँडेर राजाद्धलाई दिएका थिए उहाँले मानो राखेर बनाइएको १ वटा चैत्य र पिप्पलवण्ण मौर्यहरूद्वारा खरानी राखेर बनाइएको १ वटा चैत्य गरी जम्मा १० वटा उल्लेख भएको पाइन्छ। तर त्यसबेला द्रोण ब्राह्मणले लोभ चित्तले आफ्नो खोपडीमा लुकाइराखेको दन्त धातुबारे देवलोकका देवताहरूले थाहा पाएर पछि अदृश्यरूपमा उनीहरूले सो दन्तधातु देवलोकमा लगेर अर्को धातु चैत्य बनाइएको कुरा उल्लेख छ। यस अनुसय देवलोकमा चुडामणी चैत्य र यो दन्तधातु चैत्य गरेर २ वटा चैत्य रहेको छ भनिन्छ। यसरी नै सम्राट अशोकको पालामा उनी चण्डाशोकबाट धर्माशोक रूपमा परिणत भइसकेपछि उहाँले बुद्धद्वारा देशित ८४००० धर्मस्कन्धको प्रतिकस्वरूप ८४००० भौतिक चैत्यहरू निर्माण गरेको इतिहास अध्ययन गर्न पाइन्छ।

यसबाट ज्ञात हुन्छ कि शाक्यमुनि गौतम बुद्धको शासन कालमा यस्ता चैत्यहरू थुप्रै निर्माण भएका छन्। यद्यपि उहाँकै धातु राखेर बनाइएको पहिलो चैत्यको रूपमा देवलोकमा निर्मित केशधातु राखी बनाइएको चुडामणी चैत्यलाई नै लिन सकिन्छ। यसरी नै आज पर्यन्त विश्व शान्ति कामना गरी बनाइएका शान्ति स्तुपहरू पनि हाम्रो देशमा विद्यमान छन्। पोखराको अन्तु डाँडामा स्थापित चैत्य र लुम्बिनी उद्यान परिसरभित्र निर्मित विशाल चैत्यहरूलाई विश्व शान्ति स्तुप (चैत्य) को रूपमा लिन सकिन्छ। त्यस्तै अर्को चावहिलको मित्रपार्कमा अवस्थित धन्दो चैत्य (चारूमति स्तुप) पनि पुरातात्विक एवं ऐतिहासिक रूपले महत्वपूर्ण चैत्य मानिन्छ।

भवतु सब्ब मंगलम्।



# बौद्ध-ऋषि महाप्रज्ञा-४

✍ **रत्नसुन्दर शाक्य** *'परियत्ति सद्धम्म पालक'*

गुरुको आज्ञानुरू महाप्रज्ञा ल्हासा बजारमा गई गुरुको हस्ताक्षर भएको चित्र देखाउँदै, त्यसको अर्थ बताउँदै श्रद्धावानुहरूलाई धर्मोपदेश दिँदै जानुभएको थियो ।

चित्रको महात्वलाई याद गरी साथै चित्रले उचित सम्मान पाएकोले महाप्रज्ञा एक फोटोग्राफर कहाँ गई कयौं साइजहरू तयार गरिए । त्यस चित्रको फोटो प्रशस्त रूपमा बिकेको थियो । ती फोटोचित्र ल्हासाका प्रायः सम्पूर्ण नेवार एवं तिब्बती श्रद्धावान्हरूको घर-घरमा पुगेको थियो ।

त्यस चित्रको तर्फबाट महाप्रज्ञाले उचित सम्मान पाईयो साथै यदि कुनै श्रोतागणहरू प्रव्रजित हुन चाहे वहाँले नै गरिदिनसक्ने अनुमति पनि गुरुवरबाट प्राप्तभयो ।

त्यही "क्येचांश्यार गुम्बा" पछाडि रहेको ढुङ्गाको गुफामा घाँसको आसन राखी ध्यान (भावना) गरेको बहान (हेतु) बाट पछि आएर महाप्रज्ञालाई वातरोग (हातखुट्टा नचल्ने) हुनगयो, जसको उपचारार्थ जोगनारां साहूले वैद्य लिएर आए । वैद्यले दिएको औषधि मांसको रसमा मिसाई सेवन गर्नुपर्ने थियो तर महाप्रज्ञाले ज्यान गए पनि मांस एवं मांसको रस सेवन नगर्ने अठोट लिइराख्नु भएको थियो । अतः वैद्य नाराज भई फर्केको थियो ।

केही दिनपछि अन्य एक वैद्य महाप्रज्ञाको सामु उपस्थित हुन आए । वहाँ हुनुहुन्छ– कुलमानसिंह तुलाधर । वहाँ वैद्यज्यूले गत ७-८ वर्ष अगाडि देखि ल्हासामा स्थायी रूपमा रही व्यापार र वैद्यको काम गर्दै आएका थिए । कुलमानसिंह वैद्यले रोगी महाप्रज्ञा गुरुलाई राम्ररी जाँचिसकेपछि मांसको रसको आवश्यकता बिना नै महाप्रज्ञाको वातरोग शान्त गरिदिने निश्चय गरी त्यस दिनको बेलुकादेखि आफैले औषधि लगाई मालिस कार्य आरम्भ गर्नुभएको थियो । कुलमानसिंह वैद्य दिनको दुई पटक (बिहान र बेलुका) आई मानिस गरिदिने कार्य २ महिनासम्म अटूटरूपमा गरिदिएका थिए ।

त्यस दुई महिनाको उपार अवधिमा कुलमानसिंह वैद्यले महाप्रज्ञाको वातरोग शान्त गरिदिनु भयो र महाप्रज्ञाले पनि कुलमानसिंह वैद्यको भावनालाई पुष्ट गरी गृहत्यागसम्म गराउन सक्षम गराउनु भयो । महाप्रज्ञा बाहिर आई हिंड्डुल गर्न सक्ने भएपछि कुलमानसिंह वैद्यलाई साथ लिई वहाँ अवतारी लामा मानिएका फोरंखा रिम्पोछेको गुम्बामा लगी वहाँ (फोरंखा रिम्पोछे) कै आचार्यत्वमा घ्येलुं (महायानी भिक्षु) गराइदिएका थिए । प्रवज्यापश्चात् कुलमानसिंह वैद्यको नाम "थिले छुल्थिम" अर्थात् "कर्मशील" राखियो ।

फोरंखा रिम्पोछेको त्यस गुम्बामा केही दिन रहनु भएपछि महाप्रज्ञा, कर्मशीलका साथ महावीर्य (वि.सं. १९८२ साल, श्रावण महिनामा निष्कासित एक घ्येलुं) पनि ल्हासा शहर छोडी "भिखाछें" को निमित्त प्रथान गर्नुभएको थियो । ल्हासा शहर छोड्नुभएको १८ औं दिनमा वहाँहरू "भिखाछें" पुग्नुभयो र त्यहाँका एक प्रतिष्ठित व्यापारी साहू भिक्षुवीरसिंहको घरमा रहनुभयो । एकदिन भिक्षु भिक्षुवीरसिंहले वहाँहरूलाई एक यस्तो स्थानको अवलोकन गर्न लग्नुभयो, जुन स्थान ध्यान-भावनाको निमित्त एकदम उपयुक्त थियो । भिखाछेंको मूलबजारबाट २ कोश जति टाढा रहेको, कुनै बस्ती नरहेको, आसपासमा एक स्मशान मात्र रहेको ठाउँ थियो, त्यस ठाउँको नाम हो- काप्क्या ।

त्यस ठाउँमा वहाँहरू तीनैजना ४-५ महिनासम्म ध्यान-भावनामा तल्लीन भइसकेपछि महाप्रज्ञा र महावीर्य दुईजना कालिम्पोङ्ग आउनु भई साहू भाजुरत्न कंसाकार (वि.सं. १९४०-२०१३) को आश्रयमा रहनुभयो । कर्मशील एकजनामात्र कापुक्यामा ध्यान-भावनाको निमित्त एकदम

उपयुक्त स्थान सम्झी पुनः केही महिना रहने विचारले वहाँहरूलाई बिदा दिईपठाएको थियो ।

कालिम्पोङ्गमा भाजुरत्न साहूको आश्रयमा रही केही अध्ययन-मनन गरिरहेका महाप्रज्ञाले, अध्ययनको सिलसिलामा एउटा पुस्तकमा "आर्य अष्टाङ्गिग मार्ग" को बारेमा लेखिएको र केही कुरा नबुझेको कारण त्यसलाई बुझ्न कुशीनगरमा रहँदै आउनुभएका बौद्ध विद्वान् ऊ. चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) समक्ष पुग्नुभयो । वहाँकै छत्रछायामा रही अन्य बुद्ध-धर्म सम्बन्धी ज्ञानहरू पनि हासिल गर्दै जानुभयो साथै ऊ. चन्द्रमणि महास्थविरकै आचार्यत्वमा पुनः थेरवाद परम्परानुसार श्रामणेर हुनुभयो– यो हो सन् १९२८ को कुरा ।

त्यसैताका, श्रामणेर महाप्रज्ञा ऊ. चन्द्रमणि महास्थविर समक्ष रही विद्याध्ययन गरिरहेको बेला, ऊ. चन्द्रमणि महास्थविरकै अन्य एक बर्मी शिष्य भिक्षु ऊ. कित्तिमा (सन् १९०३-८७), जो वहाँकै आदेशानुसार सन् १९२८ देखि सारनाथको बर्मी धर्मशाला (विहार) मा रहँदै आएका थिए, विशेषकारणवश बर्मा एकपटक जानुपर्ने खबर गुरुवर ऊ. चन्द्रमणि महास्थविरकहाँ पठाए । ऊ. चन्द्रमणि महास्थविरले पनि सारनाथको त्यस बर्मी धर्मशाला खालि नगर्नको निमित्त श्रामणेर महाप्रज्ञालाई त्यहाँ पठाए । अतः श्रामणेर महाप्रज्ञा, भिक्षु ऊ. कित्तिमा बर्माबाट नफर्कुन्जेल (झण्डै एक वर्ष) सम्म सारनाथमा रहनुभएको थियो– यो हो सन् १९२९ को कुरा ।

भिक्षु ऊ. कित्तिमा बर्माबाट फर्कनुभएपछि श्रामणेर महाप्रज्ञा वहाँसित बिदा लिई कुशीनगरमै फर्कनुभयो । कुशीनगरको यस पटकको निवासकाल (सन् १९२९) मा श्रामणेर महाप्रज्ञाले एक अविस्मरणीय कार्य गर्नुभएको थियो– त्यो हो, शताब्दियौंदेखि बुद्धको अग्निसंस्कार गरेको ठाउँ मुकुटबन्धन चैत्य जसलाई रामाभारको रूपमा नाम पनि परिवर्तन गरिसकेको थियो– परिनिर्वाण मूर्ति एवं स्तूपबाट २ किलोमिटर जति टाढा परेको ठाउँमा प्रत्येक वर्ष रामनवमीका दिन मेला अनाउनुका साथै प्रशस्तरूपमा बलि दिने कार्य पनि हुन्थ्यो– *क्रमशः अर्को अङ्कमा ...*

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
वि.सं. १९९३ कार्तिक फुलपाती

*दिवंगत :*
वि.सं. २०८१ कार्तिक ३ गते

## दिवंगत उपासक भवाणी प्रशाद श्रेष्ठ

धर्मकीर्ति पत्रिका विशेष सदस्य उपासक भवाणी प्रशाद श्रेष्ठ दिवंगत हुनुभयो । उपासक भवाणी प्रशादले आफ्नो जीवन अवधिभर सञ्चय गर्नुभएको पुण्य शक्तिबाट उहाँको परलोक जीवन सुगतिमय बनोस् र निर्वाणको हेतु प्राप्त होस् भनी पुण्यानुमोदन गर्दछौं । साथै उहाँको परिवारले संसारको त्रिलक्षण स्वभावलाई बुझी धैर्य धारण गर्न सकुन् भनी कामना पनि गर्दछौं । भवतु सब्ब मंगलम् ।

**धर्मकीर्ति पत्रिका परिवार**
धर्मकीर्ति विहार, श्रीघः नःघ, काठमाडौं

# हाजिर जवाफ प्रतियोगिता



*ओवाद दिनुहुँदै श्रद्धेय धम्मवती गुरुमां*

*२०८१ मंसिर १ गते, शनिवार*
*स्थान- धम्महल, धर्मकीर्ति विहार*

श्रद्धेय धम्मवती गुरुमांको ९१ औं शुभ जन्मोत्सबको उपलक्ष्यमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले अन्तर निम्न माध्यमिक विद्यालय हाजिर जवाफ प्रतियोगिता कार्यक्रम सञ्चालन गरियो ।

मचाकाजी महर्जनको संयोजकत्त्वमा श्रद्धेय धम्मवती गुरुमांको सभापतित्वमा उर्मीला तुलाधरले सञ्चालन गर्नुभएको यस कार्यक्रममा गोष्ठीका सचिव लोचनतारा तुलाधरले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा श्रद्धेय जवनवती गुरुमांले पञ्चशील प्रार्थना गराउनु भएको थियो ।

यस प्रतियोगितामा महांकाल सेकण्डरी स्कूलले २६ अङ्क प्राप्त गरी प्रथम श्रेणी हासिल गरेको थियो भने गणेश सेकण्डरी स्कूलले २४ अङ्क प्राप्त गरी दोस्रो श्रेणी हासिल गर्न सफल भएको थियो । यसरी नै महेन्द्र भृकुटी सेकेण्डरी स्कूलले १५ अङ्क प्राप्त गरी तेस्रो श्रेणी हासिल गर्न सफल भएको थियो ।

यस हाजिर जवाफ प्रतियोगिताको संक्षिप्त विवरण तालिका यसरी उल्लेख गरिएको छ –

निम्नमाध्यमिक स्तरिय हाजिर जवाफ प्रतियोगिता

| क्र. | सहभागी स्कूलहरू | प्राप्ताङ्क | श्रेणी |
|---|---|---|---|
| १ | महांकाल सेकण्डरी स्कूल | २६ | प्रथम |
| २ | गणेश सेकण्डरी स्कूल | २४ | दोस्रो |
| ३ | महेन्द्र भृकुटी सेकण्डरी स्कूल | १५ | तेस्रो |

| प्रश्नकर्ता | निर्णायक मण्डल | टाइम किपर | स्कोर बोर्ड |
|---|---|---|---|
| शुभवती गुरुमां<br>वण्णवती गुरुमां | जवनवती गुरुमां<br>सुजाता गुरुमां<br>वीर्यवती गुरुमां | रामकुमारी मानन्धर | सनिशा महर्जन<br>नोविद शाक्य |

यस कार्यक्रममा धर्मकीर्ति फेशबुक च्यानल र बोधि टेलिभिजनले सञ्चार सहयोग गर्नुभएको थियो भने केशब डंगोलले प्राविधिक सहयोग गर्नुभएको थियो ।










*पञ्चशील प्रार्थना गर्नुहुँदै प्रतियोगी विद्यार्थीहरू*

हाजिर जवाफ प्रतियोगितामा सहभागी हुनुभई विजयी हुनुभएका प्रथम, दोस्रो र तेस्रो स्थान प्राप्त गर्न सफल विद्यालयहरूलाई र विद्यार्थीहरूलाई पुरस्कार दाताहरू श्रद्धेय धम्मवती गुरुमां, रशवन्ती कंसाकार र मोहिनी तुलाधरले पुरस्कार वितरण गर्नुभएका थिए । यसरी नै श्रद्धेय धम्मवती गुरुमांले हाजिरी जवाफ प्रतियोगितामा सहभागी स्कूलका प्रतिनिधिहरूलाई सम्झनाको चिनो पनि प्रदान गर्नुभएको थियो ।





*विजयी विद्यार्थीहरूलाई पुरस्कार प्रदान गर्नुहुँदै श्रद्धेय धम्मवती गुरुमां*

कार्यक्रमको अन्त्यमा श्रद्धेय धम्मवती गुरुमांले सभापतिको आसनबाट ओवाद दिनुहुँदै हाजिर जवाफ प्रतियोगितामा भाग लिनुभएका विद्यालयका विद्यार्थी भाई बहिनीहरूले प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो स्थान ओगट्न पाएकोमा भन्दा पनि यस प्रतियोगितामा भाग लिनको लागि बुद्ध शिक्षा अध्ययन गर्न पाएको महत्वलाई बुझी आफ्नो जीवनमा उक्त शिक्षा प्रयोग गरी जीवन सफल पार्नुमा प्राथमिकता दिनु वेश हुने मनसाय व्यक्त गर्नुभयो । कार्यक्रमका संयोजक मचाकाजी महर्जनले यस कार्यक्रममा सहभागी हुनुभई र सहयोगी हुनुभई आ-आफ्नो कर्त्तव्य पालन गर्नुभएका सबै महानुभावहरूलाई धन्यवाद व्यक्त गर्नुभयो ।

यस कार्यक्रममा धर्मकीर्ति तता पुचः र क्येहँ पुचःले जलपान प्रायोजन गरी पुण्य सञ्चय गर्नुभएका थिए ।







*सहभागी विद्यालयका प्रतिनिधिहरूलाई सम्झनाको चीनो प्रदान गर्नुहुँदै श्रद्धेय धम्मवती गुरुमां*



# दिनभर अभिधर्म पाठ सम्पन्न

*२०८१ मंसिर १ गते*

*स्थान- थापाथली, काठमाडौं*

यसदिन उपासिका जमलदेवी मानन्धरको जन्मदिनको उपलक्ष्यमा धर्मकीर्ति विहारका प्रव्रजित गुरुमांहरूबाट दिनभर अभिधर्म पाठ सम्पन्न गरिएको छ। उपासिका जमलदेवी मानन्धरका श्रद्धालु छोरा बुहारी एवं छोरीहरू लगायत नाती नातीना सपरिवारको आयोजनामा सञ्चालित उक्त कार्यक्रममा उपस्थित सम्पूर्ण गुरुमांहरूलाई दातापरिवारले जलपान भोजनको प्रायोजन गरी यथा श्रद्धा दान गरी पुण्य सञ्चय गरियो। अनन्त गुणले सम्पन्न माता जमलदेवी मानन्धरको आयु आरोग्य एवं दीर्घायु कामना गरी आयोजित उक्त कार्यक्रमको अन्त्यमा दातापरिवारका पितृजनहरूको सुगति एवं निर्वाण हेतुको कामना गरी पुण्यानुमोदन गरिएको थियो। कार्यक्रममा अभिधर्म पाठ गर्नुभएका प्रव्रजित गुरुमांहरूको नाम र पाठ विवरण तालिकामा यसरी उल्लेख गरिएको छ।

**अभिधम्म पाठ तालिका**

| क्र. सं. | अभिधर्म अभिधम्म पाठ | पाठ गर्नुहुने श्रद्धेय प्रव्रजित गुरुमांहरू |
|---|---|---|
| १ | धम्मसङ्गणि | केशावती, खेमावती |
| २ | विभङ्ग | जवनवती, शुभवती, वण्णवती |
| ३ | धातुकथा | इन्दावती, वीर्यवती |
| ४ | पुग्गलपञ्ञति | अमता, क्षान्तीवती |
| ५ | कथावत्थु | मेत्तावती, सुवण्णवती |
| ६ | यमक | दानवती, त्यागवती |
| ७ | पट्ठान | पञ्ञावती, सुनीता |

# अन्तरक्रिया कार्यक्रम

*२०८१ मंसिर ८ गते*

*स्थान- धम्महल, धर्मकीर्ति विहार*

यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले **"पञ्चशील र जीवन पद्धति"** विषयक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरियो। धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका उपाध्यक्ष इन्दावती गुरुमांको सभापतित्वमा अरुण सिद्धि तुलाधर र विकास रत्न तुलाधरले सञ्चालन गर्नुभएको यस कार्यक्रममा परियत्ति सद्धम्म कोविद उत्तिर्ण ५ जना व्यक्तित्वहरूबाट **"पञ्चशील र जीवन पद्धति"** विषयमा अन्तरक्रिया गर्नुभएका थिए। त्रिरत्न गुणानुस्मरण गरी सञ्चालित यस कार्यक्रममा गोष्ठीका सहसचिव मचाकाजी महर्जनले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो।



**कार्यक्रमको संक्षिप्त विवरण तालिका**

| क्र.सं. | सहभागी व्यक्तित्वहरू | विषय |
|---|---|---|
| १ | तारा डंगोल | पाणातिपाता |
| २ | नीलम शाक्य | अदिन्नादाना |
| ३ | समुद्रदेवी ताम्राकार | कामेशुमिच्छाचारा |
| ४ | चिनीकाजी महर्जन | मुसावादा |
| ५ | शान्ति शाक्य | सुरामेरय मज्जपमादत्थाना |

कार्यक्रमको सहजकर्ता गोष्ठीका पूर्वसचिव इन्द्रकुमार नकर्मी रहनुभएको थियो भने अन्तरक्रियामा डा. सुमनकमल तुलाधरले समिक्षा गर्नुभएको थियो। कार्यक्रमको अन्त्यमा उपाध्यक्ष ईन्दावती गुरुमांले सभापतिको आसनबाट आफ्नो मन्तव्य व्यक्त गर्नुभई कार्यक्रम समापन गर्नुभएको थियो।



स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै मचाकाजी महर्जन



मन्तव्य व्यक्त गर्नुहुँदै कार्यक्रमका सभापति श्रद्धेय ईन्दावती गुरुमां



समिक्षा गर्नुहुँदै डा. सुमन कमल तुलाधर





विकाश रत्न तुलाधर र अरुण सिद्धि तुलाधर कार्यक्रम सञ्चालन गर्नुहुँदै



सहजकर्ताको भूमिका निभाउनुहुँदै ईन्द्रकुमार नकर्मी



पाणितिपाता विषयमा बोल्नुहुँदै तारा डंगोल



अदिन्नादाना विषयमा बोल्नुहुँदै नीलम शाक्य



कामे-शुमिच्छाचारा विषयमा बोल्नुहुँदै समुद्र देवी ताम्राकार



मुसावादा विषयमा बोल्नुहुँदै चिनीकाजी महर्जन



सुरामेरय विषयमा बोल्नुहुँदै शान्ति शाक्य

# पुनः निर्मित धर्मकीर्ति विहारको २२ औं वार्षिकोत्सव



*दक्षिण मोहडामा अवस्थित धर्मकीर्ति विहारको पुनःनिर्मित भवन*

*२०८१ मंसिर ८ गते, अष्टमी*
*स्थान- धम्महल, धर्मकीर्ति विहार*

यसदिन धर्मकीर्ति विहारको पुनः निर्मित भवनको २२ औं वार्षिकोत्सव सम्पन्न भयो । दाता द्रव्यमान सिंह, बसुन्धरा तुलाधर सपरिवारबाट धर्मकीर्ति विहारको दक्षिण मोहडाको भवन बि.सं. २०५९ सालमा पुनः निर्माण गरी पुण्य सञ्चय गर्नुभएका थिए । सोही वर्षदेखि प्रत्येक वर्ष यस पुनः निर्मित भवनको वार्षिकोत्सव मनाउँदै आइरहेको हो । यस वर्ष पनि विहारको वार्षिकोत्सवको उपलक्ष्यमा दाता परिवारबाट जलपान, भोजन दान एवं परित्राण पाठ पश्चात् उपस्थित गुरुमांहरूलाई यथाश्रद्धा दानप्रदान गरी पुण्य सञ्चय गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा दिवंगत दाता द्रव्यमान सिंह तुलाधरको पुण्यस्मृतिमा उहाँका परिवारबाट पुण्यानुमोदन गरी कार्यक्रम समापन गरिएको थियो ।

***"मनको धर्म हो जुनसुकै काममा पनि अगुवा हुनु, औ मन मुख्य भएर जताततै पुगेको हुन्छ । त्यसकारण अशुद्ध मन भएर कसैले बोल्यो वा गऱ्यो भने बयलको पछि-पछि गाडाको पांग्रा आए झैं दुःख पछि लागेर आउँछ ।" - बुद्ध वचन***

## श्रद्धेय धम्मवती गुरुमांलाई मानार्थ विद्यावारिधी उपाधि




*२०८१ मंसिर १४ गते, लुम्बिनी*

यसदिन लुम्बिनी बौद्ध विश्वविद्यालयको तेस्रो दिक्षान्त समारोह कार्यक्रममा सम्माननिय प्रधानमन्त्री एवं लुम्बिनी विश्वविद्यालयका कुलपती के.पि. शर्मा ओलीबाट ९१ वर्षिय श्रद्धेय धम्मवती गुरुमांलाई लुम्बिनी विश्व विद्यालयबाट सर्वप्रथम प्रदान गरिएको मानार्थ विद्यावारिधी उपाधि प्रदान गरियो ।

श्रद्धेय धम्मवती गुरुमांले बुद्ध शिक्षा प्रचार कार्यमा पुऱ्याउनु भएको उल्लेखनिय योगदानलाई कदर गरी यस विश्वविद्यालयले उहाँलाई मानार्थ विद्यावारिधी उपाधिबाट विभूषित गरिएको हो ।

विद्यावारिधी उपाधि प्रदान पछि प्रधानमन्त्री ओलीले श्रद्धेय धम्मवती गुरुमांबाट यस मानार्थ विद्यावारिधी उपाधि सम्मान स्वीकार गर्नुभई उहाँले विश्वविद्यालयलाई अझ बढी सुपरिचित गर्नुभएको र गौरव बढाउनु भएकोमा खुशी व्यक्त गर्नुभयो । मन्तव्य व्यक्त गर्नेक्रममा उहाँले श्रद्धेय धम्मवती गुरुमांको सकारात्मक चिन्तन एवं कुशल व्यवहारलाई सराहना गर्नुभयो ।

लुम्बिनी विश्वविद्यालयले यसरी मानार्थ विद्यावारिधी उपाधि प्रदान गर्नुभएकोमा साधुवाद दिनुहुदै श्रद्धेय धम्मवती गुरुमांले हरेक व्यक्तिले मति राम्रो भए मात्र आफ्नो गति पनि राम्रो हुने बुद्ध शिक्षालाई मनन गर्नुपर्ने सुझाव दिनुभएको थियो ।

२८९ जना विद्यार्थीहरू दिक्षित भएको उक्त तेस्रो दिक्षान्त समारोहमा सम्माननिय प्रधानमन्त्रीले ५ जना व्यक्तिहरूलाई विद्यावारिधी उपाधि पनि प्रदान



*मन्तव्य व्यक्त गर्नुहुँदै*
*सं. प्रधानमन्त्री के.पि. शर्मा ओली*



*मन्तव्य व्यक्त गर्नुहुँदै*
*सयादो ऊ. ञाणिस्सर*



*मन्तव्य व्यक्त गर्नुहुँदै*
*श्रद्धेय डा. धम्मवती गुरुमां*



मन्तव्य व्यक्त गर्नुहुँदै लुम्बिनी बौद्ध बिश्वविद्यालयका उपकुलपति सुवर्णलाल वज्राचार्य



दिक्षित विद्यार्थीहरू

गर्नुभएको थियो ।

कार्यक्रममा बर्माका सयादो ऊ ञाणिस्सर भन्तेले पनि सारगर्भित मन्तव्य व्यक्त गर्नुभएको थियो भने लुम्बिनी विश्व विद्यालयका उपकुलपति डा. सुवर्णलाल वज्राचार्य लगायत रजिष्ट्रार डा. तिलक राम आचार्यबाट पनि आ-आफ्नो सारगर्भित मन्तव्य प्रस्तुत भएको थियो ।



|| प्रज्ञा नराणां रत्नम् ||

# लुम्बिनी बौद्ध विश्वविद्यालय
# LUMBINI BUDDHIST UNIVERSITY

## मानार्थ विद्यावारिधि

श्री गणेश कुमारी शाक्य (श्रद्धेय धम्मावती गुरुमा) ले बौद्ध शिक्षा र धर्मको विकास तथा विस्तारमा विश्व समुदायसामु पुऱ्याउनुभएको अतुलनीय योगदानको पहिचान गर्दै उच्च कदरस्वरूप यहाँलाई मानार्थ विद्यावारिधि उपाधि प्रदान गरिएको छ।

विश्वविद्यालय यहाँप्रति हार्दिक आभार प्रकट गर्दै
उज्ज्वल भविष्यको कामना गर्दछ।

## Honorary Doctor Of Philosophy

**MS. GANESH KUMARI SHAKYA (VEN. DHAMMAVATI GURUMA)**

In recognition of the outstanding contribution to the development of Buddhist Teachings and Religion, as well as its dissemination to the global community, University has conferred upon her the Honorary Doctorate Degree.

On this occasion, the university extends its heartfelt gratitude and best wishes for her bright future.

Lumbini, Nepal
Date : November 29, 2024

K.P. Sharma Oli
Rt.Honourable Prime Minister and Chancellor

*श्रद्धेय धम्मवती गुरुमांलाई लुम्बिनी विश्वविद्यालयले प्रदान गरिएको मानार्थ विद्यावारिधि पदवी*

## श्रीघः विहारमा कथिन चीवर दान सम्पन्न

*२०८१ कार्तिक २४ गते, शनिवार*

*प्रस्तुती- इन्द्रकुमार नकर्मी*

धर्मकीर्ति मिजं पुचःको आयोजनामा यस ऐतिहासिक श्रीघः विहारमा श्रद्धेय भिक्षु गौतम स्थविरद्वारा १९ औं वर्षावास विनयपूर्वक पूरा गर्नुभएको उपलक्ष्यमा श्रद्धेय भिक्षु महासंघलाई पवित्र कथिन चीवर दान कार्यक्रम सम्पन्न भएको छ ।

श्रद्धेय भिक्षु सुमेध महास्थविरको प्रमुखत्वमा सम्पन्न भएको उक्त कार्यक्रममा ठमेल ल्याय्म्ह पुचः मचा कवःद्वारा धिमे बाजा र बाँसुरी बजाएर ठहिटी अवस्थित चैत्य परिक्रमा गरिएको शोभायात्रामा कथिन चीवर र अष्टपरिष्कार सहित भन्ते, गुरुमां र उपासक उपासिकाहरूको विशेष सहभागिता थियो । कार्यक्रममा धर्मकीर्ति मिजं पुचःका सदस्य कृष्णप्रसाद मानन्धर, ठमेलबाट स्वागत गर्नुभएको थियो । कार्यक्रम प्रमुखद्वारा पञ्चशील गराउनु भई शुरू गर्नु भएकोमा श्रद्धेय भिक्षु तपस्सी धम्म महास्थविर, प्रमुख, चारुमती बुद्ध विहारबाट त्रिरत्न गुण स्मरण गराउनु भएको थियो ।

श्रद्धालु उपासिका मोतिशोभा तुलाधर सपरिवार, असन प्रमुख दाता हुनु भएको उक्त कथिन चीवर दान कार्यक्रममा धर्मकीर्ति मिजं पुचःका सदस्यहरू सहित अन्य ८७ जना श्रद्धालु उपासक उपासिकाहरूको पनि सहभागिता थियो । सम्पूर्ण दाताहरूको प्रतिनिधित्व गर्दै प्रमुख दाता मोतिशोभा तुलाधरले भिक्षु महासंघको प्रतिनिधि स्वरूप कार्यक्रमका प्रमुख श्रद्धेय भिक्षु सुमेध महास्थविरलाई कथिन चीवर प्रदान गर्नु भएको थियो । आनन्दकुटी विहार, स्वयम्भूका कार्यवाहक प्रमुख श्रद्धेय भिक्षु धर्ममूर्ति महास्थविरबाट कथिन आनिसंश बारेमा धर्मदेशना गर्नुभएको थियो ।

कार्यक्रममा कथिन चीवर दानका ८९ जना कथिन दाताहरूलाई कथिन वाक्य र १६८ जना अष्टपरिष्कार दाताहरूलाई अष्टपरिष्कार वाक्य कार्यक्रम प्रमुख श्रद्धेय सुमेध महास्थविरले वाचन गराउनु भएको थियो । धर्मकीर्ति मिजं पुचःको तर्फबाट कार्यक्रम प्रमुख भिक्षु सुमेध महास्थविरद्वारा प्रमुख दाता मोतिशोभा तुलाधरलाई विशेष सम्मानका साथै अन्य ८८ जना श्रद्धालु उपासक उपासिकाहरू र ठमेल ल्याय्म्ह पुचः मचा कवःलाई श्रीघः विहारमा अवस्थित सिंह शैय्याको बुद्ध प्रतिमाको प्रतिक स्वरूप एक-एकवटा सिंह शैय्या बुद्ध प्रतिमा धर्म उपहार प्रदान गर्नु भएको थियो ।

## धन्य खः छ:पिं धम्मवती गुरुमां



झिंप्यदंया मचातिनिगु वैशय्
सयादो उ धम्माबुधया लिधँसाय्
वर्मा थ्यंक न्यासि बिज्याय् फुम्ह
बुद्ध शिक्षा सय्क्यगु लागि
तीन्वः व थाकु मचास्य मेहनत यानाः
शासन धज धम्माचरिय जाँच पास यानाः
नेपाः लिहाँ बिज्यानाः यक्कों मार त्याकाः
धर्मकीर्ति विहार धस्वाका बिज्यात
वैश दनिबले शरीर बल्लानिबले
न्हिच्छिया च्याकः तकंन धर्मदेशना यानाः
धर्मप्रचार ज्याय् छफुतिहे अल्सी मचाम्ह
धन्य खः छ:पिं धम्मवती गुरुमां
छ:पिनिगु मेहनत व शाहसया कदर
लुम्बिनी बौद्ध विश्व विद्यालय नं
थ:गु स्वक्वःगु विशेष दिक्षान्त समारोह
छ:पिन्त मानार्थ विद्यावारिधि पूजायात
धन्य खः छ:पिं धम्मवती गुरुमां
म्हं फयाः दीर्घायु ज्वीमाः गुरुमां

✍ **अनुपमा गुरुमां**

## धम्ममोलि पुस्तकालय समुद्घाटन तथा पट्ठान पकरण पुस्तक विमोचन



*धम्ममोलि पुस्तकालय समुद्घाटन गर्नुहुँदै श्रद्धेय भिक्षु बोधिशेन महास्थविर*

*२०८१ मंसिर ८ गते, शनिवार ।*
*स्थान- धम्ममोलि विहार, सामाखुशी, काठमाडौं*

यसदिन सामाखुशी स्थित धम्ममोलि विहारमा धम्ममोलि पुस्तकालयको समुद्घाटन भएको छ । अखिल नेपाल भिक्षु महासंघका संघमहानायक भिक्षु श्रद्धेय बोधिशेन महास्थविरबाट पुस्तकालय समुद्घाटन भएपछि पट्ठान पकरण (पाँचवटा पुस्तकहरू) पनि विमोचन गरिएको थियो । श्रद्धेय धर्मगुप्त महास्थविरबाट नेपाली भाषामा अनुवादित उक्त पुस्तकहरू भिक्षु बोधिशेन महास्थविर, भिक्षु चन्द्रगुप्त महास्थविर, भिक्षु धर्मगुप्त महास्थविर, जवनवती गुरुमां र धम्मविजया गुरुमांबाट विमोचित भएको थियो ।

उक्त पुस्तकहरूबारे श्रद्धेय भिक्षु धर्मगुप्तबाट परिचय मन्तव्य पनि व्यक्त गरिएको थियो भने डा. श्रद्धेय धम्मविजया गुरुमांले पनि धम्ममोली पुस्तकालय एवं विमोचित पट्ठान पकरण पुस्तक प्रकाशन विजयमा आफ्नो मन्तव्य प्रस्तुत गर्नुभएको थियो । परित्राण पाठ, धर्मदेशना, दानप्रदान, जलपान, भोजनदान आदि गरी सञ्चय गरिएको पुण्य पुण्यानुमोदन गरी कार्यक्रम समापन गरियो ।

प्रकाशन गरिएको पट्ठान पकरण पुस्तकहरूको एक-एक थान पुस्तक धम्ममोलि विहारले हरेक विहार हरूका लागि दान गरी पुण्य सञ्चय गरिएको थियो ।



*पट्ठान पकरण पुस्तक विमोचन गर्नुहुँदै श्रद्धेय भन्तेहरू बोधिशेन, चन्द्रगुप्त, धर्मगुप्त र श्रद्धेय गुरुमांहरू धम्मविजया र जवनवती*

***"रीसले वैरभाव शान्त हुने छैन, प्रेमभावले मात्र वैरभाव शान्त हुन सक्छ, यही सनातनदेखि चली आएको धर्म हो ।"***

***"मूर्खले मात्र हामीले एक दिन अवश्य मर्नू पर्छ भनी विचार गर्दैन, 'हामी मर्ने छौं' भनी विचार गर्ने बित्तिकै कलह शान्त हुन्छ ।"***

***"इन्द्रिय संयम नगरी राम्रो देख्ने, भोजनमा मात्रा न जान्ने, वीर्यहीन हुने यस्तालाई, बतासले रूख ढाले झैं मारले बिताउँछ ।"***

***- बुद्ध वचन***

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



**दि. द्वारिका मान रञ्जित**
*जन्म: बि.सं. १९६७ मंसिर*
*दिवंगत: बि.सं. २०४६ असार २*



**दि. नन्द कुमारी रञ्जित**
*जन्म: बि.सं. १९७९*
*दिवंगत: बि.सं. २०२९ माघ ५*





**दि. सानुमाया रञ्जित**
*जन्म: बि.सं. १९९८ मंसिर १८*
*दिवंगत: बि.सं. २०२४ कार्तिक ६*



**दि. जनकमाया रञ्जित**
*जन्म: बि.सं. २००२ जेठ २६*
*दिवंगत: बि.सं. २०७० पौष ७*

अनन्त गुणले सम्पन्न प्रात: स्मरणिय मेरा
बुबा, आमा **द्वारिका मान रञ्जित** र **नन्दकुमारी रञ्जित**
लगायत मेरा श्रीमतीहरू **सानुमाया रञ्जित** र **जनकमाया रञ्जित**को
परलोक जीवन सुगतिमय बनोस् साथै
उहाँहरूले आफ्नो जीवनमा सञ्चय गर्नुभएको पुण्य शक्तिले
उहाँहरूलाई निर्वाण हेतु पनि प्राप्त होस् भनी
पुण्यानुमोदन गरेका छौं ।

**उपासक हरीमान रञ्जित, सपरिवार**

बा.अ.का.द.नं. - ७०/०४०/४१ | म.क्षे.हु.नि.द.नं. १७/०६५/०६६ (०८१/०८२)

# साधुवाद !



## दिवंगत उपासक मानकाजी शाक्य

*जन्मः बि.सं. १९८८ कार्तिक ५ गते*
*दिवंगतः बि.सं. २०७४ मंसिर २६ गते*

धर्मकीर्ति पत्रिका वर्ष ४२, अङ्क ९ या रङ्गिन कभर पेज (स्वंगू पेज) दिवंगत उपासक **मानकाजी शाक्य**या पुण्य स्मृतिस वयक:या परिवार दुज:पिसं धर्मदान यानादीगु ख: । थुगु पुण्य शक्तिं दिवंगत उपासक मानकाजी शाक्य सहित वयक:पिनि मेपिं पितृजनपिं सकसिगुं सुगति व निर्वाण कामना यासे पुण्यानुमोदन यानागु जुल ।

अथेहे धर्मदान यानादीपिं दाता परिवारपिनि आयु आरोग्य व निरोगी कामना यासे वयक:पिसं नं बुद्ध शिक्षा अभ्यास याना: थथ:गु जीवन सफल याय्फय्मा धका: कामना यासे धर्मदानया लागि साधुवाद व्यक्त यानागु जुल ।

**धर्मकीर्ति पत्रिका परिवार**
धर्मकीर्ति विहार, श्रीघ:, नघ:

मुद्रकः न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोनः ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com